**माटोको उर्वराशक्ति जोगाऔं**
- जैविक मल र जैविक विषादीको प्रयोगलाई बढावा दिऔं,
- पराल, छ्वाली तथा पातपतिङ्गरलाई नजलाऔं,
- कम्पोष्ट मल तथा हरियो मलको प्रयोग बढाऔं,
- भिरालो तथा भूक्षय संवेदनशील क्षेत्रलाई खाली नराखौं, त्यस्ता जगगामा कृषि बन प्रणाली अपनाऔं,
- रासायनिक मलको न्यून प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर २९ गते शनिवार// मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 December 14 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १०६

## १८ सय बिघामा तोरीखेती, ठोरी बन्यो पहेंलपुर



धर्मेन्द्र चौरसिया, पोखरिया, २८ मङ्सिर/

पर्साको ठोरी अहिले पहेंलपुर (चारैतिर पहेंला रङ्ग देखिने) बनेको छ। बस्ती वरपरदेखि टाढाटाढासम्म खेतबारीमा तोरी फुलेको देखिन्छ। जसको कारण सबैले ठोरीको सुवर्णपुर, विजयबस्ती, सरस्वतीनगर क्षेत्र पुग्दा पहेंलपुरमा आएको आभास हुन्छ।

ठोरीमा केही वर्षदेखि नगदेबालीको रूपमा तोरीखेती गर्न थालिएको हो। जसले गर्दा हरेक वर्ष मङ्सिर र पुसमा यो ठाउँको सुन्दरतामा तोरीखेतीले विशेष योगदान दिएको छ। पर्साको ठोरीबाहेक अन्य पालिकामा फाटफुट तोरीखेती हुने गरेमा ठोरीमा मात्रै करीब एक हजार ८४२ बिघा क्षेत्रफलमा तोरीखेती गरिएको छ।

ठोरी गापा कृषि शाखा प्रमुख अरुणराज चौधरीका अनुसार तोरीखेती कात्तिक महीनामा गरिन्छ। पुस अन्तिम साता तोरी भित्र्याइन्छ। ठोरीका पाँचवटा वडामा लगाइएको तोरीखेतीबाट मनग्य आम्दानी हुने गरेको चौधरीले बताए। प्रतिकट्ठा २५ देखि ३५ किलो तोरी उत्पादन हुने गरेको र नयाँ तोरी प्रतिकिलो रु १३० देखि १४० सम्ममा बिक्री हुने गरेको छ। एक कट्ठामा तोरी लगाउँदा रु १५ सय खर्च हुन्छ। तर उत्पादन औसत रु चार हजारसम्म हुन्छ भने किसानलाई प्रतिकट्ठा रु २५०० मुनाफा हुने गरेको स्थानीय किसान भुपाल जोशीले बताए। तोरीखेतीमा सिंचाइ त्यति गर्नु नपर्ने भएकोले खेती गर्न सहज छ। यसैले तोरीखेतीतर्फ ठोरीका किसान आकर्षित भएका हुन्। साथै बाली तयार भएपछि भित्र्याउने बेलामा खेतबाटै बिक्री हुने गर्छ।

## गढीमाई मेलाको हिसाब पुस पहिलो साता हुने –मेला समिति

प्रस, परवानीपुर, २८ मङ्सिर/

बाराको पञ्चवर्षीय मेला गढीमाईको हिसाबकिताब पुस १ गतेदेखि शुरू गरिने मेला समितिले तयारी गरेको छ। मेला समितिका प्रवक्ता विजय स्वर्णकारले दिएको जानकारी अनुसार पुस पहिलो सातासम्म गढीमाई मेलाको आयव्ययको हिसाब सार्वजनिक गरिनेछ। उनले मङ्सिर २९ गते शनिवार र ३० गते उधौली पर्वले गर्दा सार्वजनिक बिदा भएकोले मेलामा भीडभाड बढ्ने अनुमान छ। साथै मेला आंशिकरूपमा माघ १ गतेसम्मै चल्ने मेला समितिले जनाएको छ।



अहिले पनि मेलाका मनोरञ्जनका साधनहरूमा थिएटरबाहेक अन्य साधनले सेवा दिइएको उनले बताए। मेलाको मुख्य आकर्षणका केन्द्रहरूमा ठूलठूला टावर रोटे पिङ, मौतका कुवा, सर्कस र थिएटर रहेका छन्। हाल थिएटरबाहेक सबै साधनले सेवा दिइरहेका छन्। थिएटरमा ३०० र ५०० को टिकट लगाइएको थियो भने अन्य मनोरञ्जनका साधनमा रु सयको ईटिकट राखिएको थियो। तर मेला समितिले मनोरञ्जनका साधनका सञ्चालकहरूसँग कति प्रतिशतको भाडबन्डामा ती साधन चलाउन अनुमति दिइएको त्यसबारेमा केही खुलाएको छैन।

मेलामा मनोरञ्जनका साधनहरूप्रति भक्तजनहरू अत्यधिक रमाएका थिए। मौतका कुवा र झुलुवाहरूले मेलाको मुख्य तीन दिनमा दैनिक डेढ लाखसम्मको कारोबार गरेको बुझिएको छ।

मेला समितिले केही थिएटरलाई मुख्य मेला अवधिमा सञ्चालनमा रोकसमेत लगाएको थियो। मेला समितिका पदाधिकारीलाई रु तीन लाखसम्म नजराना नदिंदा दुई दिन थिएटर चल्न दिइएको थिएन। तर मेला समितिले यो आधारहीन कुरा भएको दाबी गरेको छ। थिएटरमा विवाद हुँदा भीडभाडको दिनमा आपराधिक गतिविधि नहोस् भनेर केही दिन सञ्चालनमा रोक लगाइएको मेला समितिका प्रवक्ता स्वर्णकारले जानकारी गराए।

## आसमान नेपालद्वारा शिक्षासम्बन्धी समीक्षा

चिरञ्जीवी सापकोटा, ठोरी, २८ मङ्सिर/

आसमान नेपालले ठोरी गाउँपालिकामा समतामूलक र समावेशी शिक्षा कार्यक्रम अन्तर्गत सिकाइ तथा प्रगति समीक्षा कार्यक्रम सम्पन्न गरेको छ।


तस्वीरः प्रतीक

गापा उपाध्यक्ष गोकुलीकुमारी रेग्मीको अध्यक्षतामा भएको कार्यक्रममा ठोरीभित्रका छवटा माविमा आसमान नेपालले सन् २०२४ देखि २०२८ सम्म विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएकोमा यस वर्षको अन्तिम समय आएको बताउँदै पहिलो वर्षमा आसमान नेपालले उक्त विद्यालयहरूमा गरिएका कार्यक्रमको प्रभाव र सकारात्मकताबारे छलफल गरेको आसमान नेपाल पर्साका एलजिइआई अधिकृत मनोजकुमार साहले जानकारी दिए।

समीक्षा बैठकमा आगामी वर्षमा आसमान नेपालले विद्यालयमा खेल्नुपर्ने भूमिकाको सुझावपत्र बुझाइएको ज्ञानज्योति मावि घ्याङडाँडाका प्रधानाध्यापक

(बाँकी पाँचौं पातामा)

## पर्सामा १६१, बारामा १३९ मत खस्यो
## बारामा सुवेदी र रौतहटमा कार्की विजयी

प्रस, परवानीपुर, २८ मङ्सिर/

नेपाल पत्रकार महासङ्घ पर्सा र बारामा निर्वाचन सम्पन्न भएको छ। पर्सामा बिहान ९ देखि साँझ ६ बजेसम्म र बारामा बिहान १० देखि अपराह्न ४ बजेसम्म मतदान सम्पन्न भएको थियो।




नेपाल पत्रकार महासङ्घ, पर्सा र बाराका सभाहलमा निर्वाचन सम्पन्न भएको निर्वाचन समितिले जनाएका छन्। पर्सामा कुल १६८ जना पत्रकार मतदाता रहेकामा एकजनाको मृत्यु भएको र छजना अनुपस्थित हुँदा १६१ वटा मत खसेको मुख्य निर्वाचन अधिकृत शत्रुघ्न नेपालले जानकारी दिए। पर्सामा १९ सदस्यीय जिल्ला कार्यसमितिको लागि ७८ जनाले उम्मेदवारी दर्ता गराएकामा सातजनाले उम्मेदवारी फिर्ता लिएका थिए। पर्सामा उम्मेदवार बढी हुँदा बिहानैदेखि नेपाल पत्रकार महासङ्घ अगाडि रमिता लागेको थियो। उम्मेदवारहरूले मतदानस्थलमैं प्रत्यक्षरूपमा मतदातासँग मत मागेका थिए।

त्यसैगरी, बारा जिल्लामा कुल १४४ मतदाता रहेकामा पाँचजना अनुपस्थित भएका थिए। १३९ जनाले मतदान गरेको मुख्य निर्वाचन अधिकृत निवेशकुमार तिमिल्सिनाले जानकारी गराए। १९ सदस्यीय जिल्ला कार्यसमितिको लागि यस अघि १० वटा पदमा सहमति भई निर्विरोध निर्वाचित भइसकेका छन् भने आज अध्यक्ष, कोषाध्यक्ष र खुला सातजना सदस्य गरी कुल नौ पदको लागि चुनाव भएको हो।

यसैगरी, नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशको लागि २३ सदस्यीय प्रदेश कार्यसमिति र ३१ सदस्यीय केन्द्रीय समितिका पदाधिकारीहरूको लागि समेत आजै एकैसाथ विभिन्न जिल्लामा मतदान भएको छ। जिल्लाको मतगणना सकेपछि प्रदेश र केन्द्रको मतगणना हुनेछ।

त्यसैगरी, बारा र रौतहटमा मतगणना सकिएर मतपरिणाम आइसकेको छ। नेपाल पत्रकार महासङ्घ, बाराको अध्यक्षमा समाजवादी प्रेस सङ्गठनका केन्द्रीय सदस्य रमेश सुवेदी विजयी भएका छन्। उनले ७१ मत ल्याइ अध्यक्षमा विजयी भएका हुन्। अध्यक्षमा उनका प्रतिद्वन्द्वी प्रेस युनियन बाराका श्यामबाबूप्रसाद यादव ६७ मत ल्याइ चार मत अन्तरले पराजित भए।

त्यसैगरी, कोषाध्यक्षमा ७० मत ल्याइ प्रेस सेन्टरका रञ्जन यादव विजय भए भने उनका निकटतम प्रतिद्वन्द्वी प्रेस युनियनका अनिल पाण्डेले एक मत कम ६९ ल्याइ पराजित भए। त्यसैगरी, खुला सदस्यतर्फ सातजनामा आठजना विजयी भएका छन्। खुलामा नरेश गुप्ता र नारायण पौडेलले समान ८१/८१ मत ल्याइ डेढ/डेढ वर्षको कार्यकाल बिताउने गरी विजयी भएका छन्। त्यसैगरी, अन्य छजना खुला सदस्यमा जिउतप्रसाद यादव, प्रह्लाद तिमिल्सिना, नवीन चौधरी, चन्दनकुमार मेहता, राहुल गुप्ता, प्रभुप्रसाद यादव विजयी भएका छन्।

*प्रस, रौतहट/*

नेपाल पत्रकार महासङ्घ, रौतहटको अध्यक्ष पदमा सञ्जय कार्की निर्वाचित भएका छन्।

कार्कीले १५ मत प्राप्त गरी विजयी भएका हुन् भने उनको प्रतिद्वन्द्वी उत्तम उपाध्यायले १२, रवीन्द्र साहले १२ र मदन ठाकुरले छ मत प्राप्त गरेका थिए।

उपाध्यक्षमा डिल्लीबहादुर कार्कीले १८ मत प्राप्त गरी विजयी भएका छन्। उनको प्रतिद्वन्द्वी रामएकबाल साहले १५ र पुष्पराज अधिकारीले ११ मत प्राप्त गरेका थिए।

सचिवमा गौतम श्रेष्ठ २६ मत प्राप्त गरी विजयी भएका छन् भने उनका प्रतिद्वन्द्वीहरू सन्तोष पौडेलले १० र राकेश यादवले आठ मत प्राप्त गरेका थिए। सहसचिवमा जीतेन्द्र श्रीवास्तव २४ मत प्राप्त गरी विजयी भए भने उनको प्रतिद्वन्द्वी धर्मेन्द्र साहले २० मत प्राप्त गरे।

सहसचिव समावेशीमा दिनेश यादव २६ मत प्राप्त गरी विजयी भए। उनको प्रतिद्वन्द्वी राकेश यादवले १७ मत प्राप्त गरे। कोषाध्यक्षमा सञ्जय सहनीले २४ मत ल्याइ विजयी भए। उनको प्रतिद्वन्द्वी किशोरी यादवले १६ मत ल्याए। यस अघि मनोनयन दर्ता भएको दिन महिला उपाध्यक्ष निर्विरोध निर्वाचित भएको थियो भने सदस्य पदमा निर्विरोध निर्वाचित भएको थियो। सदस्यहरूमा कृष्ण तिवारी, उमेश यादव, रामप्रवेश बैठा, महिला सदस्य रश्मी पटेल, रुद्र कार्की, जनजाति प्रकाश श्रेष्ठ निर्वाचित भएका थिए।

### विचारसार र सूक्तिहरू

**सफल त्यही हुन्छ, जसले निरन्तर प्रयास गरिरहन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# दीर्घकालीन सोचको खाँचो

**खानेपानी मानवजीवनको आधारभूत आवश्यकता हो । यसको गुणस्तर जीवनका लागि महत्त्वपूर्ण छ । गुणस्तरीय खानेपानी भन्नाले जैविक, रासायनिक र भौतिकरूपमा शुद्ध र स्वस्थकर पानीलाई जनाउँछ । यसले मानव स्वास्थ्यमा कति पनि प्रतिकूल प्रभाव पार्नुहुँदैन । अतः गुणस्तरीय खानेपानीमा फोहोर, हानिकारक सूक्ष्म जीव, विषाक्त रसायन तथा अन्य प्रदूषक तत्त्व रहनुहुँदैन । विश्व स्वास्थ्य सङ्गठनका अनुसार गुणस्तरीय खानेपानीले कुनै पनि व्यक्तिको स्वास्थ्य र जीवनस्तरमा प्रत्यक्षरूपले सकारात्मक प्रभाव पार्छ । नेपालले केही दशकयता खानेपानीको पहुँच विस्तारमा उल्लेख्य प्रगति गरेको छ । केन्द्रीय तथ्याङ्क विभागका अनुसार देशभरका झन्डै ९२ प्रतिशत नागरिक पानीको पहुँचमा छन् । तर गुणस्तरीय पानीको पहुँचमा भने निकै कम छन् । पानी र गुणस्तरीय पानी फरक कुरा हुन् । देशका धेरैजसो ग्रामीण क्षेत्रका बासिन्दा आज पनि दूषित पानी पिउन बाध्य छन्, शहरमा पाइपलाइनमार्फत वितरण गरिने पानीमा पनि गुणस्तरको समस्या छ । सङ्घीय राजधानी काठमाडौंमा वितरित पानीमध्ये ४० प्रतिशत पानी मात्र गुणस्तरीय छ ।**

**मुलुकका कतिपय स्थानमा वितरित पानीको शुद्धताका लागि कुनै उचित प्रविधि प्रयोग गरिएको छैन । जलस्रोत प्रचुर भएको देश नेपालमा प्रत्येक वर्ष पानीजन्य रोगका कारण हजारौं मानिस बिरामी पर्नुले गुणस्तरीय खानेपानीको अवस्थालाई चित्रण गर्छ । नेपाल सरकारका खानेपानीमन्त्री प्रदीप यादवले गुणस्तरीय र सुरक्षित खानेपानी उपलब्ध गराउनका लागि दीर्घकालीन समाधानका उपाय खोज्ने काम भइरहेको बताएका छन् । सरकारले गुणस्तरीय खानेपानीको उपलब्धताको लागि यस अघि पनि विभिन्न नीति तथा कार्यक्रमहरू अघि सारेको छ । जस्तै मुलुकव्यापी खानेपानी तथा सरसफाइ दशक (सन २०१६–२०२५), मेलम्ची खानेपानी आयोजना, दिगो विकास लक्ष्यलगायतका धेरै कार्यक्रम तथा योजना, परियोजनाहरू छन् । फेरि पनि यी प्रयासहरू पर्याप्त छैनन् । देशका ग्रामीण क्षेत्रहरूमा खानेपानी प्रणालीले पर्याप्त कभरेज गरेको छैन । पानी स्रोतहरूको दिगो व्यवस्थापन अभाव, स्रोतमा मानव मलमूत्र र रासायनिक प्रदूषण साथै पर्याप्त बजेट अभाव मुख्य समस्या हुन् । गुणस्तरीय खानेपानीको समस्या समाधान गर्न नेपालले दिगो रणनीति अपनाउन आवश्यक छ ।**

**दिगो रणनीति अन्तर्गत जलस्रोत संरक्षणका लागि दीर्घकालीन योजना अति आवश्यक छ । वन क्षेत्रको संरक्षण, जलस्रोतको पुनर्भरण र अवैध दोहन रोक्न कडा कानूनी व्यवस्था हुनुपर्छ । पर्याप्त मात्रामा खानेपानी शुद्धीकरण प्रविधि जडान अनिवार्य छ । स्थानीय स्रोतहरूको उपयोग गरी ससाना फिल्ट्रेशन प्रणाली स्थापनाले ग्रामीण क्षेत्रमा पानीको गुणस्तर सुधार्न सकिन्छ । त्यसैगरी, खानेपानीको आपूर्ति र व्यवस्थापनमा आबद्ध संस्थाहरूलाई सुदृढ पार्न जरुरी छ । क्षमता अभिवृद्धि, दक्ष जनशक्ति र पर्याप्त बजेटको व्यवस्था गरिनुपर्छ । यसको लागि निजी क्षेत्रलाई सहभागी गराएर दिगो व्यवस्थापन सुनिश्चित गर्न सकिन्छ । दूषित पानी पिउने कारण र त्यसले स्वास्थ्यमा पर्न सक्ने असरबारे जनतालाई शिक्षित गर्नु पनि महत्त्वपूर्ण कुरा हो । गुणस्तरीय खानेपानी आधारभूत आवश्यकताका साथै मानव अधिकार पनि हो । पानीको गुणस्तर सुधार्न सरकारले दीर्घकालीन सोच राखेर योजना निर्माण गर्नुपर्छ । दीर्घकालीन सोचका साथ योजना [redacted]र्घकालीनरूपमा हुन सक्छ ।**

# शिक्षकको सक्रियताबाट शैक्षिक सुधार सम्भव

स्वतन्त्र विचार



भरत सहनी

bharat.sahani09@gmail.com

**शिक्षकहरू समयमैं विद्यालय पुग्ने, पूरा समय विद्यालयमा बिताउने, शैक्षिक सामग्रीसहितको प्रभावकारी शिक्षण गर्ने, अतिरिक्त सिकाइ क्रियाकलापहरू सञ्चालन गर्ने, विद्यार्थीको नियमित मूल्याङ्कन गरी कमजोर विद्यार्थीलाई सघाउने, प्रधानाध्यापक तथा अभिभावकप्रति जवाफदेही हुनेलगायतका शिक्षकको पेशाप्रतिको सक्रियताबाट शैक्षिक सुधार सम्भव छ ।**

नेपालको शिक्षा क्षेत्रमा राणाकालको उत्तरार्द्धदेखि प्रयास हुँदै आएको पाइए तापनि व्यवस्थितरूपमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले गरेको देखिन्छ । यसैगरी, सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८–२०३२), राष्ट्रिय शिक्षा आयोग २०४९, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५, उच्चस्तरीय राष्ट्रिय शिक्षा कार्यदल २०५८, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०७६ जस्ता आयोगका प्रतिवेदनहरू तयार गरी कार्यान्वयन भइसकेका र हुने क्रममा छन् । यसका अलावा शिक्षा क्षेत्रमा विभिन्न योजना, परियोजना र कार्यक्रम लागू भएका छन् । जस अन्तर्गत रेडियो शिक्षा शिक्षक तालीम परियोजना २०३५, निरीक्षण एकाइ परियोजना २०३७, सेती परियोजना २०३८, विज्ञान शिक्षा परियोजना २०३८, प्राथमिक शिक्षा परियोजना २०४१, आधारभूत आवश्यकता परिपूर्ति योजना २०४४, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (पहिलो २०४९, दोस्रो २०५६), प्राथमिक शिक्षा परियोजना २०४९, माध्यमिक शिक्षा विकास परियोजना २०५०, शिक्षाका लागि खाद्य कार्यक्रम २०५२, शिक्षक शिक्षा आयोजना (२०५९–२०६५), माध्यमिक शिक्षा सहयोग कार्यक्रम सन् (२००३–२००८), सामुदायिक विद्यालय सहयोग कार्यक्रम (२०५९–२०६६), व्यावसायिक शिक्षा तथा तालीम अभिवृद्धि परियोजना (२०६८–२०७२)का साथै सबैका लागि शिक्षा कार्यक्रम (सन् २००१–२०१५), सहश्राब्दी विकास लक्ष्य सन् (२०००–२०१५), दिगो विकासका लागि शिक्षा कार्यक्रम सन् (२०१५–२०३०) मा उल्लिखित उद्देश्य एवं सूचकहरूलाई परिपूर्ति गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना सन् (२००९–२०१५), विद्यालय क्षेत्र विकास योजना सन् (२०१६–२०२१) सम्पन्न भई विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) कार्यान्वयनको अवस्थामा छ ।

शिक्षा क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि नेपाल सरकारसँगै विभिन्न विकास साझेदार संस्था र अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूले कैयौं योजना र परियोजनाहरू सञ्चालन गर्दै आएका छन् । सरकार, विकास साझेदार संस्था तथा गैरसरकारी संस्थाहरूको योगदानका कारण बालबालिकाहरूको शिक्षामा उल्लेखनीयरूपमा पहुँच बढेको छ । जसको फलस्वरूप प्राथमिक तहमा खुद भर्नादर लगभग ९५–९६ प्रतिशत पुगेको देखिन्छ । पहुँचको दृष्टिकोणबाट शिक्षामा सन्तोषजनक प्रगति देखिए पनि गुणस्तरीयताको सवालमा पछि पर्दै गएको अवस्था छ । शैक्षिक गुणस्तर सुधारका लागि सरकारले प्राथमिकता प्राप्त पाँचवटा न्यूनतम आवश्यकता (पिएमइसी– उपयुक्त कक्षाकोठा, शिक्षक–विद्यार्थीको उपयुक्त अनुपात, समयभित्रै निश्शुल्क पाठ्यपुस्तकको उपलब्धता, बालिकाहरूका लागि विद्यालयमा शौचालयको सुविधा र कक्षाकोठामा पुस्तक कुना) निर्धारण गरेको छ । प्राथमिकता प्राप्त न्यूनतम आवश्यकताहरू पूरा गर्नका लागि सरकारले विगतको १३ वर्षसम्म विद्यालय क्षेत्र सुधार योजना र विद्यालय क्षेत्र विकास योजना सञ्चालन गरिसकेको छ भने २०७९ सालदेखि १० वर्षका लागि विद्यालय शिक्षा क्षेत्र योजना प्रारम्भ गरेको छ । यस किसिमका आयोजनाहरूबाट विद्यालयको पिएमइसी पूरा गर्नमा टेवा पुगेको छ । तर पिएमइसी पूरा गरेका विद्यालयहरू पनि गुणस्तरीय शिक्षाको सवालमा खरोरूपमा उत्रिन सकेका छैनन् ।

विद्यालयमा उपयुक्त कक्षाकोठा, शिक्षक–विद्यार्थीको उपयुक्त अनुपात, समयभित्रै निश्शुल्क पाठ्यपुस्तकको उपलब्धता, बालिकाहरूका लागि विद्यालयमा शौचालयको सुविधा र कक्षाकोठामा पुस्तक कुनाको सुनिश्चितता गर्दैमा शैक्षिक गुणस्तरको प्रत्याभूति गर्न सकिंदैन । हाल काठमाडौं, वीरगंज, विराटनगरलगायत ठूला शहरहरू तथा शहरी क्षेत्रका सुविधासम्पन्न कतिपय सामुदायिक विद्यालयहरू विद्यार्थीको अभावमा बन्द भइसकेका तथा बन्द हुने क्रममा छन् । सार्वजनिक शिक्षाको खस्किंदो सिकाइ उपलब्धिका कारण सामुदायिक विद्यालयहरूले अभिभावकको विश्वास जित्न असफल हुँदै गएका छन् । सामुदायिक विद्यालयको शैक्षिकस्तरको कमजोरीपनको फाइदा संस्थागत विद्यालयहरूले उठाउँदै गएका छन् । जसले गर्दा एकातिर संस्थागत विद्यालयहरू फस्टाउँदै गएका छन् भने अर्कोतिर सामुदायिक विद्यालयहरू कमजोर हुँदै गएका छन् । सामुदायिक विद्यालयको शैक्षिकस्तर सुधार गर्नमा विभिन्न सरोकारवालाहरूको भूमिका अनिवार्य रहे तापनि विद्यालय तथा शिक्षकको मात्रै सक्रियता तथा सकारात्मक प्रदर्शनबाट पनि शैक्षिकस्तरमा सुधार सम्भव छ । तसर्थ सामुदायिक विद्यालयले आफूलाई सुधार्नु नितान्त जरुरी छ । सामुदायिक विद्यालयप्रति अभिभावकलाई आकर्षित गर्न शैक्षिक गुणस्तरको सुनिश्चिततालाई अनिवार्य शर्तको रूपमा लिई सामुदायिक विद्यालयले नयाँ शिराबाट अगाडि बढ्न आवश्यक छ । शैक्षिक गुणास्तर अभिवृद्धिमार्फत सामुदायिक विद्यालयले अभिभावकलाई आफूप्रति आकर्षित गर्न सक्छ । शैक्षिकस्तरमा सुधार ल्याउन विद्यालय प्रशासनलाई चुस्त दुरुस्त बनाउन, कक्षाकोठामा शिक्षकको सक्रिय उपस्थिति तथा सिकाइ केन्द्रित शिक्षण, विद्यार्थीको नियमितरूपमा सिकाइ उपलब्धिको मापन तथा सुधार र विद्यार्थीको सिकाइ उपलब्धिबारे अभिभावकलाई जानकारी गराएर सामुदायिक विद्यालयहरूले शैक्षिकस्तर उकास्न सक्छन् ।

**विद्यालय प्रशासनलाई चुस्त दुरुस्त बनाउन:**

प्रधानाध्यापकहरू विद्यालय प्रशासन प्रमुखको रूपमा काम गर्ने भएकोले विद्यालय प्रशासनलाई चुस्त–दुरुस्त बनाउनु प्रधानाध्यापकको मुख्य जिम्मेवारी हो । विद्यालय प्रशासन व्यवस्थित तथा कडा नहुँदा शिक्षक तथा विद्यार्थीहरूमा छाडापन आउने गर्छ, जसले गर्दा विद्यालयमा अनुशासन कायम गर्न सकिंदैन । शिक्षक तथा विद्यार्थीहरूमा आत्म–अनुशासनको बोध नहुन्जेल सिकाइमा सुधार असम्भव छ । सरकारले प्रदान गरेको अधिकारलाई प्रधानाध्यापकले शैक्षिक सुधारको निम्ति प्रयोग गर्नमा लगनशीलता देखाउनु जरुरी छ । कसैलाई काखा र कसैलाई पाखाको अभ्यासलाई विस्थापित गर्दै सबै शिक्षक, बालबालिका तथा अभिभावकलाई समानरूपले व्यवहार गर्नु एक असल प्रधानाध्यापकको परिचय हो । विद्यालयको नीति, नियमलाई अक्षरशः पालना गर्दै सबै शिक्षकमा सकारात्मक सन्देश प्रवाह गर्नु प्रधानाध्यापकको दायित्व हो । तोकिएको समयमा विद्यालय खुल्ने र बन्द हुने सुनिश्चितता गर्दै प्रधानाध्यापकले नियमित तथा नमूना शिक्षणमार्फत नवप्रवेशी शिक्षक तथा अन्य शिक्षकहरूलाई हौसला प्रदान गर्न सक्नुपर्छ ।

**कक्षाकोठामा शिक्षकको सक्रिय उपस्थिति तथा सिकाइ केन्द्रित शिक्षण:**

दैनिक तालिका अनुसार कक्षाकोठामा शिक्षकको सक्रिय उपस्थिति तथा सिकाइ केन्द्रित शिक्षणका लागि शिक्षकहरू सदैव तयार हुनुपर्छ । शिक्षकको माग बमोजिम सिकाइ केन्द्रित शिक्षणका लागि चाहिने आवश्यक शैक्षिक सामग्रीको आपूर्ति विद्यालय प्रशासनले समयमैं गर्नुपर्छ । सिकाइ केन्द्रित शिक्षणका लागि विद्यार्थीहरूको सक्रिय सहभागिताको सुनिश्चितता गर्दै एकीकृत पाठ्यक्रमले तोके बमोजिम "म गर्छु, हामी गरौं र तिमी गर"को अवधारणालाई आत्मसात् गर्दै शिक्षकले शिक्षण प्रक्रियाको थालनी गर्नुपर्छ । शिक्षकले आवश्यकता अनुसार वस्तु तथा सामग्री वा सोको तस्वीर प्रदर्शन गरेर, नजीकको वनजङ्गल, खोलानाला, चौर, मठमन्दिर, हाटबजारको अवलोकन भ्रमणमार्फत शिक्षण गर्दा बालबालिकाको सिकाइमा दिगोपन आउनमा मदत पुग्छ । यसका साथै स्थानीय बुद्धिजीवी, समाजसेवी, कथावाचकहरूलाई कहिलेकाहीं गेस्ट लेक्चररको रूपमा प्रयोग गर्दा शिक्षणमा नौलोपन ल्याउनमा मदत पुग्छ ।

**विद्यार्थीको नियमितरूपमा सिकाइ उपलब्धिको मापन तथा सुधार:**

विद्यालयमा हुने त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक परीक्षाको नतीजालाई आधार मानी अधिकांश सामुदायिक विद्यालयले विद्यार्थीहरूको सिकाइ उपलब्धि मापन गरेको देखिन्छ । यस परिपाटीलाई त्याग्दै शिक्षकले शिक्षणपश्चात् हरेक पाठको सिकाइ उपलब्धिको मापन गरी सो मापनका आधारमा कमजोर सिकाइ उपलब्धि भएका बालबालिकाका लागि अतिरिक्त कक्षा तथा उपचारात्मक शिक्षणको व्यवस्था गर्नु शिक्षक र प्रधानाध्यापक दुवैको दायित्व हो । एकीकृत पाठ्यक्रमले पनि पाठगत सिकाइ मापनलाई प्रवर्द्धन गर्न खोजेको छ । नियमितरूपमा सिकाइ उपलब्धिको मापन गर्दै विद्यार्थीको सिकाइस्तरको आधारमा शिक्षकले अतिरिक्त कक्षा तथा उपचारात्मक शिक्षण सञ्चालन गर्दा बालबालिकाहरूको सिकाइ उपलब्धि सुधार आउनमा ठूलो सहयोग पुग्ने देखिन्छ । यसरी बालबालिकाको सिकाइको बारेमा शिक्षकहरू संवेदनशील हुँदा शिक्षकमाथि अभिभावकको विश्वास बढ्ने र अभिभावकले आवश्यकता अनुसार विद्यालय तथा शिक्षकलाई सहयोग गर्नेतर्फ उत्प्रेरित हुनमा सहयोग पुग्नेछ । अभिभावकहरू विद्यालयप्रति सकारात्मक हुनु भनेको सामुदायिक विद्यालयमा सुधार आउनुको एक ठूलो सङ्केत हो ।

**विद्यार्थीको सिकाइ उपलब्धिबारे अभिभावकलाई जानकारी :**

विद्यार्थीको सिकाइ उपलब्धि मापनका लागि विद्यालयले विभिन्न किसिमका उपकरणहरू (टूल्स) प्रयोग गर्ने गरेका छन् । सिकाइ उपलब्धि मापनका लागि विद्यालयले जे उचित ठान्छ, त्यो उपकरण प्रयोग गर्न सक्छ । तर सिकाइ उपलब्धि मापन गर्दा विद्यार्थीको वास्तविक सिकाइ उपलब्धि पत्ता लाग्ने गरी मापन प्रक्रियालाई अनुशासित तथा मर्यादित बनाउन आवश्यक छ । सिकाइ मापनपश्चात् विद्यालयले विद्यार्थीगत सिकाइ उपलब्धिको अभिलेख खडा गरी सो अभिलेखलाई सुरक्षितरूपमा राख्नुपर्छ । तत्पश्चात् विद्यालयले समुदाय केन्द्रित अभिभावक भेला तथा छलफल कार्यक्रममार्फत विद्यार्थीगत सिकाइ उपलब्धि प्रस्तुत गर्दा अभिभावकहरूले आआफ्नो बालबालिकाको सिकाइ उपलब्धिबारे जानकार हुने र आवश्यकता अनुसार बालबालिकाको दैनिक पठनपाठनमा सहयोग गर्ने र यसबाट सिकाइ उपलब्धिको सुधारमा मदत पुग्ने देखिन्छ ।

शैक्षिक सुधारका लागि कसले के गर्‍यो भनेर चुप लागेर बस्नुभन्दा पनि मैले विगतमा के गरें, वर्तमानमा के गरिरहेको छु र भविष्यमा के गर्न सक्छु ? भन्नेबारे शिक्षकहरूले आत्मचिन्तन गर्नु जरुरी छ । यस्ता चिन्तनमननबाट शिक्षकमा संवेदनशीलता, आत्मविश्वास र उत्प्रेरणा बढ्छ । शिक्षकमा आत्मविश्वास र उत्प्रेरणा बढ्नु भनेको शिक्षामा सुधारको ठूलो सङ्केत हो । अधिकांश शिक्षक राम्रा पढेलेखेका, अनुभवी तथा मिहिनेती छन् । शिक्षकहरूको सकारात्मक भूमिकाबाट जस्तोसुकै कमजोर विद्यालयलाई अब्बल र नकारात्मक भूमिकाबाट अब्बल विद्यालयलाई कमजोर बनाउन सकिन्छ । तसर्थ शिक्षकहरू आफ्नो व्यावसायिक पेशाको मर्यादालाई कायम गर्न सकारात्मक भूमिका अवलम्बन गर्नु जरुरी छ । शिक्षकहरू समयमैं विद्यालय पुग्ने, पूरा समय विद्यालयमा बिताउने, शैक्षिक सामग्रीसहितको प्रभावकारी शिक्षण गर्ने, अतिरिक्त सिकाइ क्रियाकलापहरू सञ्चालन गर्ने, विद्यार्थीको नियमित मूल्याङ्कन गरी कमजोर विद्यार्थीलाई सघाउने, प्रधानाध्यापक तथा अभिभावकप्रति जवाफदेही हुनेलगायतका शिक्षकको पेशाप्रतिको सक्रियताबाट शैक्षिक सुधार सम्भव छ ।

# पाँच खर्ब २१ अर्ब ६३ करोड विप्रेषण भित्रियो

काठमाडौं, २८ मङ्सिर/रासस

चालू आर्थिक वर्षको पहिलो चार महीनामा रु पाँच खर्ब २१ अर्ब ६३ करोड बराबरको विप्रेषण मुलुक भित्रिएको छ ।

नेपाल राष्ट्र बैंकले बिहीवार सार्वजनिक गरेको विवरण अनुसार समीक्षा अवधिमा विप्रेषण आप्रवाहमा नौ दशमलव एक प्रतिशतले वृद्धि भएको हो । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २२ दशमलव पाँच प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह तीन अर्ब ८७ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह तीन अर्ब ६० करोड रहेको थियो ।

समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु पाँच खर्ब ६८ अर्ब २६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु पाँच खर्ब २१ अर्ब ४३ करोड रहेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत नयाँ) लिने नेपालीको सङ्ख्या एक लाख ४७ हजार ४७८ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या ९४ हजार १०५ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या क्रमशः एक लाख ३७ हजार ४७५ र ६८ हजार ८४१ रहेको थियो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# यसरी बढ्ने रहेछ आस्थाको आयाम

आस्थालाई अन्धविश्वास वा भ्रम जे आरोप लगाए पनि यसलाई कुनै न कुनै रूपमा सबैले मानेको पाइन्छ। यदि कसैले आफूलाई विज्ञान वा वैज्ञानिक तथ्य तथा तर्कलाई मात्र मान्ने गरेको भन्छन् भने पनि त्यो विज्ञानमाथिको आस्था हो। विज्ञानमाथिको अन्धविश्वास पनि हो। आफूले परीक्षण नगरी गरिने सबै विश्वासलाई अन्धविश्वास वा आस्था नै मान्न सकिन्छ। यसैले कतिपय कुन विचार त कतिपय कुन सिद्धान्तप्रति आस्थावान् रहेको बताउने गरेका छन्। यही आस्था कुनै प्रत्यक्ष (वा दिवङ्गत) व्यक्तिमाथि हुँदाको अवस्थामा वा कथित काल्पनिक व्यक्ति (देवीदेवता)माथि हुँदाको अवस्थालाई श्रद्धा भन्न पुग्छौं। श्रद्धा वा आस्थालाई अन्धविश्वास पनि भन्न नसकिने होइन तर यो कुनै एक क्षेत्रमा मात्र हुन्छ भन्ने होइन, सबै क्षेत्रमा हुने रहेछ।

वीरगंजबाट एक स्वास्थ्यकर्मी आवश्यकता अनुसार रौतहटस्थित आफ्नो घर नियमितजसो आउने जाने गर्दा रहेछन्। उक्त स्वास्थ्यकर्मीको हरेक चाडपर्व आफ्नो घरमैं मनाइने भएकोले आवश्यकता पर्नासाथ बेलाकुबेला मोटरसाइकलमा घर आउने तथा वीरगंजमा पनि आवश्यकता पर्नासाथ बेलाकुबेला घरबाट जानुपर्ने रहेछ। एक/दुई पटक सामान्य दुर्घटना पनि भएछ। अनि घरका मान्यजनले गढीमाईलाई भाकल गरेछन्– तपाईंकै शरण छन्, अबेरसबेर, रातबिरात बाटो हिंडिरहनुपर्ने हुन्छ, स्वास्थ्यकर्मी हो, अरूको ख्याल गर्नुपर्ने र घरपरिवार पनि हेर्नुपर्ने हो, यसैले कृपया सुरक्षा गर्नुहोला, उचित समयमा बोका बलि दिऔंला। त्यसपछि कहिल्यै दुर्घटनाको सामना गर्नुपरेनछ रे।

रातमा धेरै डराउने, जीउमा घाउखटिरा आइरहने एक बालकका हजुरबाको अनुभूतिमा विभिन्न ठाउँका अस्पताल र चिकित्सककहाँ धाएर हैरानी भोग्नुपरेको थियो। हजुरबा उच्च शिक्षित र धामीझाँक्रीभन्दा बढी विश्वास गर्ने थिए विज्ञानमा। चिकित्सकको सिफारिश बमोजिमको परीक्षण र औषधि खरीद तथा स्याहारमा कुनै कमी गरेका थिएनन्। एक दिन सडक भएर उनी कतै गइरहेका थिए। अचानक गाडी बन्द हुन्छ। उनी बाइकमा सवार थिए। त्यहाँ सडकछेउमा एउटा सानो मन्दिर थियो। उनलाई एक अपरिचित व्यक्ति, सम्भवतः त्यस मन्दिरसित सम्बन्धित वृद्ध थिए। उनलाई वृद्धले अचानक भने– तिम्रो नातिको समस्या यहाँ समाधान हुन्छ, यदि तिमी सवा एक किलो लड्डु चढाउने भाकल गर्छौं भने। अवाक भएका हजुरबाले हुन्छ भनेर तत्काल ढोगे र भाकल गरी मोटरसाइकल स्टार्ट गरे। अचानक आफैं बन्द बाइकमा पनि कुनै समस्या देखिएन। कालान्तरमा रोग निको भयो।

अर्को शिक्षित परिवारको कथा। राम्रै पदमा सम्मानपूर्ण जिन्दगी व्यतीत गरिरहेको उक्त शिक्षित परिवारको खेत नदीको बगरमा छ। एकै ठाउँमा

स्वान्त सुखायः



सञ्जय मित्र

mitrasanjay41@gmail.com

अढाई/तीन बिघा खेत छ। खेतमा जङ्गली जनावर तथा राँगा र साँढेले धेरै दुःख दिएको अवस्था। धेरै नै नोक्सान गरिरहेकोले सबै पीडित। अनि आमाले एउटा भाकल गर्नुभयो– मेरो खेतको रेखदेख गरिदिनू, धेरै नाश भइरहेको छ। म बोका बलि दिन्छु। जुन देउताप्रति त्यहाँ स्थानीयको विश्वास छ, सोही देउतालाई बोका बलि दिने वचन दिएपछि बालीको नोक्सान रोकिन्छ।

एउटा कुरो सपनाको। यही गढीमाई मेलाको क्रममा एक महिला आफ्नी दिदीको घरमा गइन्। राति बास बसिन्। पति र छोरा पनि सँगै थिए। राति सपनामा एक राँगोले लखेट्न थाल्यो महिलालाई। असिनपसिन भइन्। राँगोले मार्नै खोज्यो। अति भयातुर अवस्थामा निद्रा खुल्यो महिलाको। महिलामा कहिल्यै नभएको डर थियो। डरले काम्दै गरेको अवस्थामा पनि एक छिन आफूलाई शान्त राखिन्। अनि त्यसपछि डरले निद्रा लागेन वा सुत्न सकिनन्। अरूको निद्रा किन बिगार्नु भनेर कसैलाई भनिनन् तर जब उज्यालो भयो, तब उक्त कुरा बताइन्। अनि सबैले भन्न थाले, पहिले कुनै भाकल गरेको हुनुपर्छ। अहिले पूजा आइसक्यो र भाकलको सम्झना छैन। भाकल त पूरा गर्नुपर्छ। यहाँको यो मान्यता हो कि जसले कहिल्यै भाकल गरेको होस्, पूजाको समयमा पूरा गर्नलाई अवसर प्रदान गरिन्छ। अनि धेरै सम्झने प्रयास गरेपछि आफ्नो खुट्टा भाँचिएको अवस्थामा अलिकति निको हुन थालेपछि गढीमाई मन्दिरमा पुगेर लड्डु चढाउने भाकल गरेको कुरो याद भयो।

देउता नमान्ने पनि पाइन्छ तर देउता मान्नै हुँदैन भन्न चाहिं पाइँदैन। आफूलाई लागेको विचार मान्ने स्वतन्त्रता हुनुपर्छ। यो विचार मान्नु पनि आस्था हो र आस्थामाथि धेरै किसिमले बन्देज सम्भव छैन। मलाई कुन खानेकुरा मनपर्छ र मलाई कुन खानेकुरा जुर्छ, यो फरक सन्दर्भ हुन सक्छ। मन पर्नु, रुच्नु र पच्नु तथा जुर्नुमा समन्वय भएर मात्र कसैलाई प्रिय भोजन हुन सक्छ। अर्काको भान्सामा किन खानेकुरा पाक्यो भनेर सोध्नु उचित हुँदैन। अनि कसले कसरी आस्था वृद्धि गर्न सक्छ वा कसरी आस्था घटाउन सक्छ, यस विषयमा अध्ययन गर्न सकिन्छ तर आस्था किन भयो र आस्था कहाँबाट आयो भन्ने प्रश्न गर्नु उचित हुँदैन। प्रश्नको अर्थ जिज्ञासा हो, जान्न चाहने इच्छा भने त ठीकै मान्नुपर्छ हैन भने प्रश्नको अर्थ यदि कसैलाई होच्याउनु हो वा हप्काउनु हो वा अपमानित गर्नु हो वा डराउनु हो भने प्रश्नलाई ठीक मान्न सकिंदैन। प्रश्नको पनि नियत हेर्नुपर्छ। हो, मानिसको आस्था परिवर्तनशील छ। आस्थाका आधार जब भत्किन्छ तर कुनै पर्खालभित्र कसैको आस्था कैद भएर बस्न सक्दैन। कैयौं परिवारले देउता परिवर्तन गरेका छन्, धर्म परिवर्तन गरेको छ र आफ्नो जात पनि बदलेको छ। यदि कसैलाई यसमा सन्तुष्टि हुन्छ भने ठीक छ। यत्ति हुनुपर्छ कि देशको नियम, कानून र समाजको सामाजिक स्थितिमाथि धावा बोल्ने काम नहोओस्। कानून र रीतिरिवाजलाई पनि मान्नु उचित हुन्छ। सबैले कानूनको पूर्ण पालना गर्नुपर्छ।

मानिस भावनाप्रधान प्राणी हो। मानिसमा रहेको मनोविज्ञान निकै बलियो हुन्छ। मनोविज्ञानले मानेमा ढुङ्गामा देउता देखिन्छ र नजीकैको छिमेकीसित यदि राम्रो सम्बन्ध छैन भने जीवनभर केही पनि नभन्न पनि सक्छ। बरु ढुङ्गोसित कुरो गर्ला तर त्यस प्रकारको मानिससित कुरो गर्दैन। मेरो निजी मान्यता के छ भने मानिसभन्दा ठूलो अरू केही पनि हुनुहुँदैन। यसमा मानिसलाई उसको मानसिक तथा हार्दिक स्वतन्त्रता त्यहाँसम्म हुनुपर्ने निहित छ, जहाँ उसले अरूलाई कुनै कानून र सांस्कृतिक परिवेशलाई उल्लङ्घन गरिरहेको हुँदैन। यही मनोविज्ञानले उमार्ने आस्था हो र विश्वास हो। मानिसलाई जब कुनै समयमा लाग्छ कि कुनै मानिसमाथि कुनै निश्चित कामको लागि भरोसा छैन, विश्वास छैन, तब उसले आफ्नो कुरो सुनाउनको लागि एक अभौतिक वा अलौकिक तत्त्वलाई चुन्छ। बडो आरामले आफ्नो गुनासो सुनाउँछ र त्यहाँ उसको गुनासो सम्बोधन भएको अनुभूति गर्छ, मान्छ। जब मानिसले सन्तुष्टि प्राप्त गर्छ, तब ऊ खुशी हुनु स्वाभाविक हो। अनि सन्तुष्टि प्राप्त भएपछि उसले गरेको वाचा पूरा गर्छ। आस्थामा एक किसिमले अघोषित सम्झौता हुन्छ, शर्तहरू हुन्छन्। एकले शर्त पालन गरेपछि अर्कोले पनि शर्तलाई पूरा गर्नुपर्ने नैतिक दायित्व ठहर्छ। शायद यही आस्थाले भीड जम्मा गर्छ। जब समान आस्था हुनेहरू वा आस्था मिल्नेहरू एक ठाउँमा जम्मा हुन्छन्, तब भीड हुन्छ र सबैले मिलेर कुनै एक दिन सन्तुष्टि प्रकट गर्छन्, तब पर्व वा संस्कृति निर्माण हुन पुग्छ।

अहिले धेरै चाडपर्वमा मानिसहरूको सहभागिता निकै बढ्न थालेको छ। यसका धेरै कारण छन्। मानिसका लागि उसको पर्व वा संस्कृति सुगम भएको छ। सजिलो तरीकाले मान्न सम्भव भएको छ। अर्को कारण हो, सहजता। सर्वसाधारणले सबै कुरो सहज प्राप्त गरिरहेका छन्, यदि हातमा रकम छ भने। बजारसित सबै पर्व जोडिएका छन्। अनि अरूलाई देखाउन चाहने प्रवृत्ति हाबी हुँदै गएको छ। यसले गर्दा म पनि के कुरामा कम भन्ने भाव भरिएको छ। यी सबैको समुच्च्य दृश्यमा देखिन्छ कि आस्थासित जोडिएको गतिविधिमा धेरै विस्तार भइरहेको छ। जुन समाजमा जसको बाहुल्य छ, उसको आस्थासित जोडिएको कुरामा निकै चहलपहल बढ्न थाल्छ। अनि आस्थाको मापन गर्न मुश्किल हुन्छ। कुन चाहिं निर्देशित आस्था हो र कसरी अभ्यन्तदेखि आस्था निस्सृत भइरहेको छ भन्ने छुट्याउन।

## आत्मा र परमात्मा सधैं स्थिर छ

**- बैधनाथ महतो (कुशवाहा)**

संसारको सुख सधैं रहँदैन
सब कुरो क्षणिक छ, आज छ भोलि छैन
संसारको सारा नाता सम्बन्ध
हिजो थिएन, आज छ, भोलि ठेगान छैन
धनसम्पत्ति अरू सारा सामान
स्थिर रहँदैन नराख्नु अभिमान
रूप, यौन सब अस्थिर छ
नासिएर जान्छ यो कुरा सुनिश्चित छ
के छ त अरू जो सधैं स्थिर छ
एक ईश्वर र आफू हुनु जो स्थिर छ
आफू हुनुको बोध र ईश्वर सत छ
यसबारेको ज्ञान खुशीको वस्तु छ।

*– कलैया उपमनपा–२५ ढोडिया*

# २००८ सालको काठमाडौं

संस्मरण



सुशील मुडभरी

२००८ सालको नेपालमा राजनीतिक परिवर्तित अवस्था भएकाले काठमाडौंमा अनेक रोचक दृश्यहरू हेर्न पाइन्थ्यो। एकातर्फ समाजमा अन्धविश्वास कायमै थियो भने अर्कोतर्फ गल्लीगल्ली, चोकचोकमा भीडभाड, नाराबाजी भइरहन्थ्यो। हामी पहाडबाट भर्खर आएकाले केही बुझ्दैन्थ्यौं, तर घरबेटीका छोरा विक्रमले स्पष्ट पारिदिन्थे। उता पहाड घरमा हालसालै पाठशाला खुले पनि एकै ठाउँमा विद्यार्थी बटुलेर पहिले बाह्रखरी अनि दुर्गाकवच, रुद्री आदि घोकाउँथे। मेरो बा काठमाडौं अदालतमा नोकरी गर्ने हुँदा प्रजातन्त्र आयो, अब अङ्ग्रेजी पढ्नुपर्छ भनी २००८ वैशाखमा सपरिवार काठमाडौं ल्याउनुभएको थियो।

हाम्रो डेराको घरबेटी तेजेन्द्रप्रताप रानाको नयाँ घर बैठकमा अरू डेरावाललाई जान अनुमति नभए पनि बा अदालतको कर्मचारी भएकाले होला हामी जान सक्थ्यौं। आएको भोलिपल्टै रेडियो बजाएर घरबेटी र उनका छोरा विक्रम सुनिरहेका थिए। मैले ढोकाबाट चिहाउने बित्तिकै घरबेटीले कोठामा आउन बोलाए र उनको छोरा विक्रमसँग बस्न भने। पहिलोपल्ट नजीक बसेर रेडियो सुन्न पाएको मैले "यो रेडियो कसरी बजेको होला ?" भन्न पुगेछु। घरबेटीले रेडियोभित्र गीत गाउने केटाकेटी बसेका छन् भनी हाँस्नुभयो। पुतली अटाउने रेडियोमा मान्छेकहाँ बस्न सक्छ भन्ने बुझेर म लाजले भुतुक्क भएँ। त्यस बेला काठमाडौंमा ख्याक (भूत)ले तर्साउँछ भन्ने व्यापक थियो। राति भऱ्याङ चढ्दा ख्याकले खुट्टा तान्छ भन्ने गरेकाले हामी एक सासमैं भऱ्याङ उक्लन्थ्यौं।

घरबेटीको छोरा विक्रम मभन्दा दुई वर्ष जेठो थियो। मलाई साह्रै मन पराउँथ्यो र फुर्सत भयो कि डेरा नरदेवी तुन्छे गल्लीबाट नजीक पर्ने रक्तकाली मन्दिर परिसर, भुरुङ्ग खेलको चारैतिर घुम्न लग्थ्यो। आजकल जुलूस, नाराबाजी भइरहने हुनाले हामीलाई धेरै पर नजानू भन्ने आदेश थियो। एक दिन डेराबाट अलि अगाडि बढेपछि एउटा यमी निवास लेखेको घरआँगनमा ठूलै जमघट भएको देखियो। विवाह व्रतबन्ध के रहेछ भनी विक्रमलाई हेर्न जाऊ भनें। भित्र त अर्कै रौनक देखियो। ठाउँठाउँमा पोस्टर र भित्तामा टाङ्गिएको लामो तुलमा लेखिएको थियो– इन्कलाब जिन्दाबाद, राणाशाही– मुर्दाबाद। राणा सरकार हत्यारा हुन्। चारतारा हाम्रा हुन्। ॐ शान्ति, जय नेपाल आदि। चोककुनाको खाटमा उभिएको मानिसले च्यातिएको कोट देखाएर भाषण गरिरहेको थियो। विक्रमले मलाई सम्झाउँदै भन्यो– केही महीना अघि यहाँ ठूलो हुलदङ्गा भएको थियो। पुलिसले हानेको गोली छलिए पनि उसको कोटमा लागेको रहेछ, त्यही देखाएको बुझिस्। अब घर जाऊ भनी हिंड्यौं। बाटोमा विक्रमले भन्यो– यस्तोमा बा त छलेर आउनुहुन्छ, तर बज्यैले थाहा पाए मार्नुहुन्छ, कतै नभन्नू।

विक्रमको बुबा राना भएपनि नेवार केटीसँग विवाह गरेका रहेछन्। एक दिन विक्रम मामाघर भोज खान जाँदा मलाई साथी लगेको थियो। त्यहाँ नेवार र बाहुन केटाहरू आपसमा जिस्किरहेका थिए। बाहुनहरू नेवारलाई डरछेरुवा, स्याल कराए, घ्याम्पामा लुक्ने, बाँदरलाई बाघ देख्ने, काँतर भनी मजाक गरिरहेका थिए। नेवारहरू बाहुनलाई– काँठे, पर्वते, पाखे, टपरेहरू घरमा खोले खाने, श्राद्ध खान पाए तीन माना हसुर्ने, अघिपछि सुकुलमा सुत्ने–जजमान मरे पलङ्मा नाच्ने भनिरहेका थिए। मेलै यस्तो बहस पहिलोपल्ट देखेको थिएँ। एकछिनपछि भोज खाएर हामी घर डेरा फर्क्यौं। घरबेटी तेजेन्द्रप्रतापकी आमा निकै बूढी देखिन्थिन्। घमण्डी भनेर छरछिमेकले मन नपराए पनि मेरी आमासँग घुलमिल भएकी थिइन् र बराबर सम्झनलायकका कुरा सुनाइरहन्थिन्। उनको पति सेनामा भएको र एकपटक शिकार खेल्दा एउटा खुङ्खार बाघ मारेर राजालाई बुझाएछन्। राजा खुशी भएर तँलाई एक पाथी असर्फी बक्सिस दिउँला भनेछन्। दरबार फर्केपछि सरकारी ढुकुटीबाट पाथी होइन, एक अञ्जुली असर्फी दिएछन्। त्यो असर्फीले पुरानो घरसँग टाँसिएको अढाइ रोपनी खाली जग्गा किनेर नयाँ घर, आँगन र बारी बनाएको सुनाइन्।

अर्को दिन उनले साह्रै मार्मिक कुरा सुनाइन्। जवानीमैं एक दिन उनी शोभा भगवती मन्दिर जाँदा बाटोमा पर्ने श्मशानघाटमा ठूलै भीडभाड देखिन्। बुझ्दा दरबारको कुनै व्यक्ति मरेकाले उसको पत्नीलाई सती पठाउन घिच्याउँदै ल्याइएको रहेछ। शहरमा यतिधेरै बिधवा देखिन्छन्, खोइ त सती पठाएको भनी एकजना प्रौढालाई सोधिछन्। तिनले सती पठाउने काम राजा, उनका खलक र दरबार आउने–जानेहरूलाई मात्र अनिवार्य छ भनिछन्। यो सुनेपछि हामी पनि त दरबारका मानिस हौं, मेरो पति मरेपछि म पनि सती जानुपर्ने होला भन्ने चिन्ताले यिनलाई सताउन थालेछ। न रातको निद्रा, न दिनको सुर्ताले उनी दुब्लाउँदै गइछन्। तर यसको केही पछि चन्द्रशम्शेरले सतीप्रथा हटाइदिनुभयो भन्ने सुनिन्। सुनेको भोलिपल्टै राजाको जयजयकार गर्दै १०८ पेडा लिएर शोभा भगवती मन्दिरमा चढाउन पुगिछन्। अनि भन्दै गइन्– हेर त नानी ! अहिले त्यस्ता असल राजाका खाइलाग्दा खलकबाट श्रीश्री त झारे–झारे। अब त त्यो गद्दीमा गल्लीगल्लीमा घुमी हिंड्ने डुलुवा, आलाकाँचा, अल्लारे, ठेटनालाई राख्ने रे भन्ने सुनेर दिक्दार भएकी छु। हुँदाहुँदा मेरै छोरा तेजेन्द्र र नाति विक्रम पनि अल्लारेकै पक्ष लिन्छन् भनी लामो सास फेरिन्। भात पकाउन बित्यो अनि आमा कोठातिर हिंड्नुभयो, म पनि पछि लागें।

तिनताका अर्थात् २००८–२००९ सालतिर मानिसहरू शहर आउँदा आफ्ना नातागोता खोज्दै बास बस्न घरडेरामा आउँथे। हाम्रो डेरामा पनि एक दिन एकजना बूढो मानिस अलिकति चामल, गुन्द्रुक, सिन्की आदि बोकेर आइपुगे र बासँग चिनाजानी गर्दै भने– तपाईंको आमोई (हजुरआमा) मेरो फुपू हुन्, म तारुका नुवाकोटको अधिकारी हुँ भन्दै बसे। ९२ वर्षकी हाम्रो आमोई आफ्नो भदा भेट्न आयो भनी खुशी हुनुभयो। भोलिपल्ट ती बूढो मानिसले सुनाउँदै भन्नुभयो– पहिले हामी तारुकाका धनाढ्य रहेछौं। जङ्गबहादुरले नयाँ कानून बनाउँदा मतवाली र तल्ला जातिमा भेदभावपूर्ण नीति बनायो भनेर चौतर्फी विरोध भएको रहेछ। बाहुनमा पनि पूजा, श्राद्ध, नित्यादि कर्म उपाध्यायले गराउनु, जैसी धारण गरेकाले अन्य कर्म गर्नु भनी नियम बाँधिदिएछन्। चित्त नबुझेका तारुकाका जैसी बाहुनहरूले तारुका जैसी मण्डल नाम दिएर हामीबाट श्राद्ध नित्यादि कर्म गराउने काम खोस्न पाइँदैन भनी नारा जुलूस गर्न थालेछन्। यो कुरा जङ्गबहादुरको कानमा पुगेपछि दबाउन एउटा टुकडी पठाएछन्। तिनले हाम्रो बालगायत केही व्यक्तिको ढाड फुस्कने गरी ठटाएर गएछन्। हाम्रा बा थलिएछन्, कमाइधमाइ भएन। औषधिमूलोमैं थुप्रै खर्च भएर हामी गरीब भएछौं। धेरैपछि म जन्मे, बा बिते पनि ठूलो भएपछि मैले सम्पत्ति जोडेर व्यवहार धाने। पाप धुरीबाट कराउँछ भन्छन्, बाहुनमाथि हातपात गरेकाले जङ्गबहादुर मरेपछि उनकै सहोदरहरूले जङ्गबहादुरका छोरानाति मारेर वंशविनाश गरिदिएछन्। आदि सुनेपछि काठमाडौं मात्र होइन परपर पहाडतिर पनि होहल्ला भएको रहेछ भन्ने मैले थाहा पाएँ।

विक्रम र तारुकाका बूढाहरू जस्ताको कुराहरू सुन्न थालेपछि मलाई यस्ता कुरामा चासो बढ्यो। धेरैपछि सुन्न थाले– ०७/०८ सालको परिवर्तन वा प्रजातन्त्रका मुख्यवाहक प्रजापरिषद्, नेपाली काङ्ग्रेस, कम्युनिस्ट, राजा श्री ५ त्रिभुवन, उदारवादी राणाहरू आदिको नाम भनिए पनि भित्री क्रान्तिका वाहकहरू पुरानो गोर्खा परिषद्, विभिन्न दलित तथा जनजातिहरू, तारुकाका जैसीहरू, लखन थापा, (जोहामनि सम्प्रदाय–जङ्गबहादुरदेखि जुद्ध शम्शेरको पालासम्म ठाउँठाउँमा राँके जुलूस आदि गर्थे। तत्कालीन सरकारले लुकीलुकी यिनीहरूको हत्या गरेकाले पलायन भए) आर्य समाजीहरू, चर्खा आन्दोलन, मकैको खेती, जयतु संस्कृतम्, देवकोटा जस्ता विभिन्न कलाकारहरूको मुख्य भूमिका भएपनि सरकार यस्तालाई दबाउन सफल भएकाले देशले प्रजातन्त्र ल्याउन बाहिरै सङ्गठित भएका शक्तिहरूको अपेक्षा गरेको हुन सक्छ। – कलैया, बारा, हालः हेटौंडा

## गजल



होमशङ्कर बाँस्तोला

पुरस्कार/सम्मानः जनान्दोलन घाइते सम्मान (नेपाल सरकार) २०६३, भानुभक्त काव्य पुरस्कार, २०७१, यज्ञराज घले संस्था पुरस्कार, २०७४, प्रेस काउन्सिल साहित्यक पत्रकारिता पुरस्कार, २०७६

सिमानामा माटो रुँदा छातीभरि देश दुख्छ
भोकभोकै मान्छे हुँदा छातीभरि देश दुख्छ

कमाउन विदेशिंदा लाश फिर्ता हुँदाखेरि
परेलीमा आँसु चुँ'दा छातीभरि देश दुख्छ

छाक टार्न डोको, नाम्लो, ढाकरले किच्दाखेरि
पसिनाले हात धुँदा छातीभरि देश दुख्छ

दिनदिनै लुछेका छन् देशमाथि लात हानी
नेपालीको मन छुँदा छातीभरि देश दुख्छ

स्वाभिमान, राष्ट्रभक्ति कुरा मात्र हुन्छ यहाँ
विदेशीकाँ नेता नु'दा छातीभरि देश दुख्छ

# विगत–वर्तमान

(लघुकथा)



नवराज रिजाल
सम्पर्क : ९८५११३८६२४
पेशा : प्राध्यापन/पत्रकारिता

पूर्वप्रहर फाट्नु अघि नै बिहानी कार्यक्रम सक्यो। हिजोभन्दा धेरै बालुवा जम्मा गर्नुपर्छ, मनमनै सोच्यो। आफू मात्र पालिएर भएन, सन्तान र डिल्लीको सुखदुःखसमेत आफैँसँग छ। साहूको ऋण पनि घटाउनु छ। नजीकै दशैं र लगत्तै तिहार छ। काले गुरुङ अथवा ऊ वर्षको नौ महीना राम्दी खोलाको बगर कुर्छ। त्यो सदियौँदेखिको मसानघाट हो। वरिपरिका मानिसहरुको दाहसंस्कार त्यहीं हुन्छ। मृत जीवजन्तु त्यहीं फालिन्छन्- कुकुर, स्याल र गिद्धको लुँछाचुँडी हुन्छ, एकापसमा ठुडाठुड र टोकाटोक चल्छ तर हरेक रातसँगै आफ्ना वैमनस्यता भुल्छन् र भोलिपल्ट पुनः त्यहीं जम्मा भई विगतका क्रियाप्रतिक्रया दोहोऱ्याउँछन्।

त्यही बगरमा काले गुरुङ र उसका दर्जनौं सहकर्मी रात बिताउँछन्। बाँच्छन् र सपना देख्छन्, सुनिश्चित भविष्यको। घर खोलाको सिरानतिर पर्छ। वर्षको नौ महीना त बगरमै बित्छ। असारदेखि भदौसम्म खोलामा बाढी आउने हुँदा कोही पनि बस्दैनन् र त्यस्तैमा पर्छ ऊ पनि।

रोगी स्वास्नी र नाबालक छोराछोरी गाउँमै बस्छन्। जाडो-गर्मी सबै बेला कालेहरू खोलाबाट बालुवा झिक्छन् र बेच्छन्। के बालुवा भन्नु, पसिना झिक्छन्, रगत झिक्छन्, आँसु झिक्छन् र विवशता निकाल्छन्। ज्वरो आउँछ, खोकी लाग्छ, आउँ पर्छ, खुट्टा फुल्छ, टाउको दुख्छ तर कालेहरू आफू कहिल्यै दुख्दैनन्। जीवन बेच्छन्, मन बेच्छन् अनि सुन्दर कल्पना र साहस बेच्छन्।

कालेहरू जाँगर बेच्दैनन्, उत्साह बेच्दैनन् र बेच्दैनन् आँखाको सपना पनि। थकावट, आलस्य, मनोरञ्जन, हाँसखेल, डुलफिर सबै टाढाटाढा भाग्छन् उनीहरुदेखि।

कालेहरू खोला कुर्छन्, बुबाले पनि त्यही गरे, आज उनीहरू पनि आत्मसात् वा अनुसरण गरिरहेका छन्। सम्भव छ उनीहरूका सन्तानले पनि त्यही बाटो समाउलान्। जीवन मसानघाटझैं हमेशा सदाबहार, उर्वर र ज्वलनशील छ। आकाशमा सूर्य र चन्द्रमा देखिए, नदी बगे, हावाहुरी चले तर कालेहरुको जीवन कहिल्यै–कहिल्यै बदलिएन।

# आनन्दको खोजी : मनको अन्तर्यात्रा



हरिकृष्ण बराल
(स्वामी राधामाधव)
मुर्ली बगैँचा, वीरगंज

त्यसको लागि हामीले आफ्नो जीवन सुव्यवस्थित बनाउने कला सिक्नुपर्छ।


जीवन एक कला हो। जीवन जसरी पनि जिउने चीजको नाम होइन। जीवनको अर्थ के हो ? हामीहरू के हुन चाहन्छौं ? हामी के पाउन चाहन्छौं ? यदि जीवनमा गन्तव्यको बोध छैन भने हाम्रो जीवनको गति सम्यक हुन सक्दैन। जसलाई समग्र जीवनको अर्थ थाहा छैन, उसलाई ऊसँग फूल त छ तर त्यसको माला बनाउन धागो छैन जस्तो हुन्छ। उसले बनाउन चाहेको फूलको माला बनाउन सक्दैन। ऊसँग भएका सुन्दर फूलहरूलाई एकापसमा जोड्न सक्दैन। अन्ततः उसले पाउँछ कि फूलको माला बन्न सकेन र उसको जीवनमा न कुनै दिशा छ, न कुनै एकता छ। उसको सम्पूर्ण अनुभव आणविक नै रहनेछन्, त्यसबाट त्यो ऊर्जाको जन्म हुनेछैन। जुन ज्ञानकै रूपमा उसमा सीमित रहनेछ। ऊ जीवनको त्यो समग्र अनुभवबाट वञ्चित नै रहनेछ, जसको अभावमा बाँच्नु र नबाँच्नु उस्तै हुन्छ। उसको जीवन एउटा यस्तो वृक्षको जीवन हुनेछ, जसमा न फूल फुल्नेछ, न फल फल्नेछ।

यस्तो मानिसलाई सुख तथा दुःखको अनुभव त हुनेछ तर आनन्दको अनुभूति भने हुनेछैन। किनकि आनन्दको अनुभूति जीवनको समग्रताको अनुभवबाट उत्पन्न हुन्छ। जीवनमा आनन्द प्राप्त गर्नु छ भने जीवनलाई एउटा फूलको माला बनाउनुपर्छ र जीवनका समस्त अनुभवलाई एउटा लक्ष्यको धागोमा उन्नुपर्छ। जसले यसो गर्न सक्दैन, उसले जीवनको सार्थकता र कृतार्थतालाई प्राप्त गर्न सक्दैन।

विनाउद्देश्य जीवन जिउनु निरर्थक हुन्छ। जीवनको पथ राजमार्ग जस्तो छैन, जहाँ पहिलेदेखि नै निश्चित हुन्छ कि कहाँ पुग्नु छ, कहाँ पुगेपछि मोडिनु छ, कहाँ पुगेपछि चौबाटो आउँछ, कहाँ पुगेपछि अर्को बाटोबाट जानु छ, सबै कुरा निश्चित छ। तर जीवन यस्तो छैन। जीवन त आकाशमा उड्ने पक्षीको मार्ग जस्तो छ। पहिलेदेखि केही पनि निश्चित छैन। पक्षी उड्छ, तब मात्र मार्ग बन्छ। यो मार्ग यस्तो हुन्छ कि यसको अनुमान पनि गर्न सकिंदैन, किनकि यो मार्ग पानीमा खिचिएको धर्का जस्तो बन्छ र तुरुन्तै मेटिन्छ। अझ भन्ने हो भने आकाशमा खिचिएको धर्को र पानीमा खिचिएको धर्को जति पनि देखिँदैन। जीवन एकदम यस्तै छ। हामी कसैको अनुयायी पनि हुन सक्दैनौं र हामी कसैको पछिपछि हिंड्न पनि सक्दैनौं। हामीले हाम्रोलागि मार्ग आफैंले खोज्नु छ। हामीले आफ्नो जीवनको उद्देश्य पनि आफैंले खोजतलाश गर्नु छ। तब हाम्रो जीवनका सम्पूर्ण क्रियाहरू एउटा माला जस्तै गरी उन्न सकिन्छ। यसको परिणामस्वरूप हाम्रो जीवनमा निरर्थकता नभएर सार्थकता उत्पन्न हुन्छ।

# साइनो

कविता



डा छायादत न्यौपाने 'बगर'
सम्पर्क: ९८५११५७१९३
पेशा: लेखन, सम्पादन तथा प्राध्यापन

धन मन जीवन
कर्म धर्म प्रशासन
सहिष्णु प्रयोग साइनो !

धैर्य भविष्य देख्छ
त्याग वर्तमान देख्छ
लालसा ठूलो भाग देख्छ !!

फुलेन खेतबारी
उजाडिए वनपाखा
थिचिए श्रम खाने मान्छे ?

भ्रष्टाचारीको भीड
देशको झुकायो शिर
जनतालाई सँधै पीर ?

श्रम शिर उचाल्छ
विवेक मान्छे उचाल्छ
स्वार्थ त्याग नेता उचाल्छ ?


सौहार्द सहमति
च्यातिरहन्छ लालसा
जुध्छन् साँढे मिच्छन् विधान ?

बगरको साइनो
पछ्याउँदै छ भँगालो
सागर छुने तीव्र गति !

बनेन मान्छे, मान्छे
बढ्यो अविवेकी भीड
भोक-रोगग्रस्त झुपडी !!

# सुखराती

कथा




डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

बसवरियाको सुखराती महतोको पुस्तैनी १० बिघा खेत थियो। घरमा सुनयना नामकी पत्नी, सुगिया बेटी र परदेसिया नामको एक छोरा थियो। परिवार सानो थियो। परदेसियाको विवाह भएपछि एउटा सदस्य थपिए पनि सुगियाको विवाहपछि पारिवारिक सङ्ख्या यथावत् रह्यो। परदेसिया त्यसो त निठल्ला थियो। तर जसको १० बिघा खेत हुन्छ, त्यसको छोरालाई निठल्ला भनिँदैन। मूर्खभन्दा मूर्ख मान्छेले पनि पुस्तान्तरणले पाएको खेतीपातीको सीपलाई पुरा जानेको हुन्छ। निठल्ला जस्तो शब्द नोकरीको सन्दर्भमा बनेको हुनुपर्छ। बसवरिया गाउँ पसाहा नदीको किनारमा बसेको थियो। जुन पसाहा नदी खेतीपातीको लागि वरदान थियो, त्यही एक दिन अभिशाप बन्यो। एक दिन त्यसमा यति ठूलो बाढी आयो कि त्यस्तो बाढी त बितेको सय वर्षमा पनि कसैले हेरेको थिएन। वर्षात् पनि यस्तो कि सुखरातीको आधा मतलब पाँच बिघा खेत नदीमा समायो। कहिले नदेखेको वर्षात् भएको थियो। बाढीपछि अनिकाल पर्नु नै थियो, पऱ्यो। अनिकालको मारले सुखरातीले बतहु साहूबाट ऋण लियो, जुन बाँकी बचेको सुखरातीको खेत दिए पनि खत्म भएन। अब छोरा परदेसियाले पञ्जाबबाट कमाएर ल्याएपछि मात्र परिवार चल्न सक्ने स्थिति आयो। परदेसिया पञ्जाबमा पैसा कमाउनुका साथै अलिकति नेतागिरी पनि जानेर आयो। त्यसै बेला भूमिसुधार आयो र सुखरातीको बाँकी एक/डेढ बिघा खेत बच्यो। तर बच्न सकेको कथा बडो पीडादायक छ।

एक दिन सुखरातीले छोरालाई बोलाउँदै भन्यो- ए बाबु, यता आउ त। हेर त पश्चिम सरेहमा कस्तो राताराता पतरखा देखा परिरहेका छन् ? अब कुन आपत् आउन बाँकी छ ? आधा खेत त पसाहाले बग्यो। आधा बतहु काकाले खाए, उनी आफ्नै नातेदार र रगत थिए। भूमिसुधारले गर्दा केही खेत मात्र बाँकी छ। त्यसमा पनि कसको नजर लाग्यो ? परदेसियाले आफ्नो एक गाउँले मित्रसँग कुरा गरिरहेको थियो। केही दिन पञ्जाबमा बसेर भर्खर घर आएको थियो। ऊ साथीसँग कुरा गर्दै गाउँको बाहिर रहेको खलियानतिर गएर हेऱ्यो। सबैका सबै सरेह नै राताराता पतरखामय भएको थियो। गाउँका केही व्यक्तिले नजीकसम्म गएर हेरे। दूरबीनले नापी भइरहेको पतरखा गाडिइरहेको थियो। खोजबीन गर्दा सरकारले यहाँ सडक बनाइरहेको छ। त्यस सडकमा सुखरातीको बाँकी खेत पनि स्वाहा हुनेवाला थियो। पञ्जाबबाट फर्केपछि परदेसियाले अलि फुर्तिफार्ती गर्न सिकिसकेको थियो। ऊ दुई/चार गाउँका साथीसँग त्यस इलाकाका ठूला नेता त्रिपुरारीबाबुकहाँ गयो। नेताहरूको काम जनताको सुख-दुःखमा सामेल हुने नै त हो। तर त्रिपुरारीबाबुसँग यस सडकलाई बनाउनबाट रोक्न सक्ने शक्ति थिएन। उनको दुःख यतिमात्र थियो कि यस सडकको ढाँचा बनाउनेबारे उनीसँग सोधिएको थिएन र साथै उनले त्यसमा एक पैसा पनि पाएका थिएनन्। असली नेता भएको त्रिपुरारीबाबूले परदेसियाको पिठ्यूँमा धाप दिएर उकासए- नौजवान छौ, आन्दोलन गर। गाउँका जनतालाई एकत्रित गर। बाँकीको काम म गर्छु।

परदेसिया गाउँलेहरूलाई एकत्रित गर्ने काममा लाग्यो। तय भयो कि जुन दिन सडकको शिलान्यास गर्न सरकारी मानिसहरू आउनेछन्, त्यस दिन त्यहाँ गएर सम्पूर्ण गाउँलेले विरोध जुलुस लिएर प्रदर्शन गर्नेछन्। पञ्चायती व्यवस्था थियो। त्यस्तो विरोध र आन्दोलनको बारेमा मान्छे सोच्न



पनि सक्दैनथे। सुखरातीले सोच्यो कि कसरी त्रिपुरारीबाबूले छोरालाई उकसाइदिए ? गोलीगठ्ठा चल्न पनि बेर लाग्दैन। रगत बग्यो भने जमीन त जान्छ नै कहीं छोरा पनि गुमाउनु नपरोस्।

सुखराती रातमा परदेसियाको कोठामा गयो, जहाँ ऊ सुत्ने तरखरमा थियो। सुखराती चाहन्थ्यो कि उनको छोराले यी सबै काम गरोस्। सुखरातीले छोरोको हात समाएर रसाएको आँखाले भन्यो- हेर छोरा आधा खेत पसाहाले लग्यो। बाँकी बचेकोमा आधा बतहु काकाको ऋणले लग्यो। बतहु काकाको नजर बाँकी बचेको खेतमा पनि परिसकेको थियो। ऋण अहिले पनि बाँकी नै छ। ऋण खाने काम बडो अनौठो हुन्छ। कहिले पनि समाप्त नहुने र बढ्दै जाने। त्यसको ब्याज बढ्दै गएकोले अर्को वर्ष बाँकी खेत पनि जानेवाला थियो। त्यसै बेला भूमिसुधार कानुन आयो। कसैले कसैलाई ऋण दिनेछैन, लिएको ऋण फर्काउनुपर्दैन। मैले बतहु काकालाई भनेको थिएँ कि खेत सोधभर्ना लेख्नुस् ताकि कुनै दिन छोराले कमाएर छोडाउन पाओस्। तर यही त बतहु काकालाई चाहिएको थिएन। उनलाई चाहिएको थियो, सुत्रीबिक्री। झक मारेर सुत्रीबिक्री लेख्नै पऱ्यो। तिम्रो आमालाई यो अत्याचार सह्य थिएन। मसँग झगडा गर्न थालिन्। अतः ऊ माइत गएको मौका छोपी सुत्रीबिक्री लेख्नुपऱ्यो। तिम्रो आमासँग बतहु काका पनि डराउँथे। बाँकी बचेको बेला भूमिसुधार कानून आयो। त्यसपछि बतहु काकाले भन्न थाले 'अरे सारा ऋण खाएर अरुले पचाइहाले, अब सुखरातीबाट के लिने ? आफ्नै रगत त हो'। उनले जुन आसामीलाई समात्छन्, उसलाई उजाडेर नै छोड्थे। चइतर काकाको घडारीसम्म खाइहाले। जब झक्कडको घडारीसम्म लिए, तब बेचारा ससुरालीमा गएर त्यही मेहनत मजदुरी गर्न थाल्यो। बतहु काकाले भने कि सुखराती त आफ्नै रगत हो। यो सुनेर म आफ्नो रगत पिएर बस्थे। सुत्रीबिक्री लेखाउने बेलामा उनको रगत थिइन। जब कानून बन्यो म उनको रगत भइहाले। मनमा आयो कि म उनलाई जवाब दिउँ। तर मैले बतहु काकालाई राम्ररी चिनेको छु। उनी त खाली मेरो मुखबाट केही कुरा सुन्न चाहन्थे कि कानून बनेपछि मेरो मनमा के चलिरहेको छ ? तर बाबु मेरो मनमा के चल्छ र ? म त मरि सकेको छु। एक दिन म उनको घरमा गए। एउटा धोती लगाइदिएर माफी मागें- बतहु काका सात जन्ममा पनि मैले तपाईंको ऋण चुक्ता गर्न सक्दिनँ। म र मेरो छोरा पनि त तपाईंकै रगत हो। मलाई माथि उठन दिनुस्। र उनले ऋण माफी गरे। भन्न थाले कि दुनियाँमा मानिस कोही छ भने त्यो सुखराती नै छ। तर सुखरातीको दुर्दशा सुखरातीलाई नै थाहा छ। छोरा मेरो जीवनभरिको अनुभव छ। कसैले पनि तिम्रो साथ दिनेछैन। त्रिपुरारीबाबूले पनि। तिमीले यो आन्दोलन सान्दोलन नगर। बुबाको स्नेही भाषणले छोरा पगलियो। उसले भन्यो- बुबा एकचोटि कोशिश गर्नमा के जान्छ र ? कहीं केही सकारात्मक परिणाम देखिन्छ कि। बुबाले भन्यो- केही देखिँदैन। गर्नु छ भने गर तर ज्यान बचाएर, तिमी मेरो एक्लो छोरा हौ।

अर्को दिन गाउँलेको मीटिङ भयो। त्यसमा त्रिपुरारीबाबु आएनन्। गाउँलेहरू सशङ्कित भए। कसैले भन्यो- त्रिपुरारीबाबूले आफ्नो हिस्सा पाइसकेका छन्। गाउँलेहरू झन् सशङ्कित भए। तापनि तय भयो कि शिलान्यासको दिन हामी विरोधमा जानेछौं। एक दिन शिलान्यास गर्न दलबलसहित अञ्चलाधीश आए। गाउँलेहरूमा १० जना मात्र विरोध प्रदर्शनमा गए। बाँकी दुलोमा पसे। अञ्चलाधीशले भाषण गरिरहेका थिए। त्यहाँ पुगेर जसरी अञ्चलाधीशले भाषण समाप्त गरे, परदेसिया अचानक गएर माइकलाई समातेर अर्को वक्तालाई आउन दिएन। परदेसियाले भन्न थाल्यो- हामीले सुनेका थियौं कि कोही गाँजा अफिमको तस्करी गर्छ। तर हाम्रो खेतको पनि कसैले तस्करी गर्छ, यो सुनेका थिएनौं। तर आज त खुलेआम हाम्रो जमीनको तस्करी पनि देख्नुपऱ्यो। त्यो पनि सरकारी मान्छेहरूबाट जो हाम्रा रक्षक हुन्छन्। यति के सुनेका थिए, अञ्चलाधीशको कन्सुरीको रौं ताप्यो। उनले प्रहरीलाई इशारा गरे। हल्ला मच्यो। प्रहरीले डन्डा वर्षाउन थाल्यो। प्रहरीले परदेसियालाई समातेर भ्यानमा बसायो र कुट्दै खोरमा पुऱ्यायो। बाँकी विरोध गर्नेहरू कुलेलम ठोके। शिलान्यासको पाँच दिनपछि प्रहरीले परदेसियालाई छाडिदियो। उसको हुलिया पञ्चायती व्यवस्था र प्रहरी बरबर्ताको नमूना बनेको थियो। सुखरातीलाई यसैमा खुशी थियो कि छोराको ज्यान बच्यो।

परदेसियाको हुलिया ठीक भएपछि उसले पञ्जाब जाने विचार गऱ्यो। तर फेरि सोच्यो कि अब त हामी सुकुमबासी भइसकेका छौं। पञ्जाबको पैसाले मात्र घरखर्च चल्दैन। उसले मलेशिया जाने निधो गऱ्यो र गयो। त्यहाँ जानको लागि पनि सुखरातीलाई बतहु काकाबाहेक अर्को केही सहारा थिएन। तर बतहु काकाले यसपटक ऋण दिन मानेनन्। सुखरातीले बिन्ती गरे कि मसँग लेखाउनको लागि अब खेत छैन। तर छोरा त्यहाँ जुन पैसा कमाउनेछ, पहिले तपाईंको ऋण नै चुक्ता गर्नेछ। सुखराती उनको खुट्टा नै समातेर रुन थाल्यो। उसको आँसुले कम र पैसा चुक्ता हुने सम्भावनाले बढी बतहु काका स्वीकारको भङ्गिमामा आए। उनले सुखरातीलाई उठाएर भने- उठ कायर, मेरो भतिजले यसरी रुन सुहाउँदैन। परदेसिया मेरो पनि त रगत हो। बतहु काकाले दिएको एक लाख रुपैयाँ सुखरातीले छोरालाई दियो। परदेसियाले तीन वर्षमा पनि ऋण चुक्ता गर्न सकेन। बतहु काका मुर्मुरिएर बसे। तीन वर्षपछि परदेसियाको लाश कफिनमा बन्द भएर आयो। लाश गाउँमा पुगेपछि सुखराती उभिएकै अवस्थामा नै बेहोश भयो। जब होशमा आयो, तब बतहु काकाले उसको हातमा पाँच सय रुपैयाँ थमाएर भने- जाऊ कात्रो किनेर परदेसियाको सद्गत गर। कात्रो र सद्गतिको लागि बतहु काका बडो उदार देखिए। अब के गर्न सकिन्छ ? सुखराती त सुकुमबासी हो। आफ्नै रगत हो। सुकुमबासी रगत अब बतहु काकाको खेतमा वफादार मजदूरको राम्रो रूपको निर्वाह गर्न थाल्यो। बतहु काकाले उसलाई शहर रिक्शा चलाउनको लागि जान दिएनन्। बूढो भइसक्यो रिक्शा तान्न सक्दैनौ। तेरो स्वास्नीले दिनभरिमा एक कठ्ठा खेत पनि रोप्न सक्छिन भने आधा रोपाइँ गरिदिए पनि मैले केही भन्नेछैन। सुखराती बहु मेरो पनि बुहारी हो। खाली मेरो सेवा मात्र गरिदेओस् बस्। सुखरातीले बतहु काकातिर अचानक नजर उठाएर हेऱ्यो। सुखराती यस सत्यबाट राम्रोसित परिचित थियो। तर बूढो शरीर झट्कारेर रिक्शा चलाउन जान सकेन।

# कान सफा गर्ने प्राकृतिक उपाय

कान हाम्रो शरीरको एक महत्त्वपूर्ण अङ्ग हो, जसको सरसफाइ र हेरचाह गरिरहनुपर्छ। कानमा पाइने इयरवैक्स (मैलो)ले धूलो, ब्याक्टेरिया र अन्य फोहोरलाई भित्र पस्नबाट रोक्छ, तर जब यो धेरै हुन्छ, तब यसले कानमा चिलाउने वा सङ्क्रमणको जोखिम बढाउँछ।

धेरैपटक मानिसहरूले कान सफा गर्न धारिलो वस्तुको प्रयोग गर्छन्, जसले कानमा क्षति पुऱ्याउँछ। त्यसैले कान सफा गर्ने सुरक्षित र प्रभावकारी घरेलु उपाय सिक्नुपर्छ।

**मनतातो तेलको प्रयोगः** मनतातो तेल इयरवैक्स सफा गर्ने उत्तम तरीका हो। यसको लागि जैतूनको तेल, नरिवलको तेल वा बच्चाले प्रयोग गर्ने तेल प्रयोग गर्न सकिन्छ।

एक चम्चा तेल हलुका तताउनुहोस्, ड्रपरको सहायताले कानमा केही थोपा हाल्नुहोस्। आफ्नो टाउको एकातर्फ झुकाउनुहोस् र केही मिनेट पर्खनुहोस्। त्यसपछि कान सफा गर्न कपासको बल प्रयोग गर्नुहोस्।

**मनतातो पानी र सिरिन्जको प्रयोगः** मनतातो पानी पनि कान सफा गर्ने सुरक्षित र प्रभावकारी तरीका हो। यसको लागि सिरिन्जमा मनतातो पानी भर्नुहोस्। कानभित्र बिस्तारै पानी हाल्नुहोस्। कानेगुजी नरम हुन्छ र यो बाहिर निस्किन्छ।

**हाइड्रोजन पेरोक्साइडको प्रयोगः** हाइड्रोजन पेरोक्साइडले इयरवैक्स सफा गर्न मदत गर्छ। यसलाई पानीमा मिसाएर केही थोपा कानमा हाल्नुहोस्। केही समयपछि टाउको अर्कोतिर झुकाउनुहोस् ताकि फोहोर बाहिर निस्कन सक्छ।

**स्टीम थेरापीः** स्टीम अर्थात् वाष्पले कानभित्र जमेको फोहोरलाई खुकुलो बनाउँछ। यसको लागि मनतातो पानीको कचौरामा आफ्नो टाउको झुकाउनुहोस् र यसलाई तौलियाले छोप्नुहोस्। ५-१० मिनेटको लागि वाष्प लिनुस्। त्यसपछि सफा कपडाले कान पुछ्नुहोस्।

**नुन-पानीको प्रयोगः** नुन-पानी पनि एउटा प्राकृतिक सफाइको साधन हो। यसको लागि एउटा कपासको बललाई मनतातो पानीमा नुन मिसाएर डुबाउनुहोस्। यसलाई कानमा हलुका रूपमा लगाउनुहोस्। यसले कानको मैलो नरम बनाउन र हटाउन मदत गर्छ।

**केही सावधानीः** धारिलो पिन वा सलाईको काँटीले कान सफा गर्नुहुँदैन। कानमा दुखाइ, सुन्निने वा इन्फेक्सन भएमा चिकित्सकलाई सम्पर्क गर्नुपर्छ। कानलाई बारम्बार सफा गर्नुहुँदैन किनभने कानेगुजीले पनि कानलाई जोगाउने गर्छ।

## अन्तर्राष्ट्रिय समाचार

# भारतीय प्रधानमन्त्री मोदीलगायत नेताद्वारा सन् २००१ को संसद् आक्रमणमा मृत्यु भएकाप्रति श्रद्धाञ्जलि व्यक्त

नयाँ दिल्ली, २८ मङ्सिर/एएनआई

भारतीय प्रधानमन्त्री मोदीलगायत नेताद्वारा सन् २००१ को संसद् आक्रमणमा मृत्यु भएकाप्रति श्रद्धाञ्जलि व्यक्त गरिएको छ।



श्रद्धाञ्जलि व्यक्त गर्दै प्रधानमन्त्री मोदी। तस्वीरः पिएम मोदी एक्स

प्रधानमन्त्री मोदीले सन् २००१ मा संसद् भवनमा भएको आक्रमणमा आफ्नो जीवन उत्सर्ग गर्ने वीर योद्धाहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दै उनीहरूको बलिदानले राष्ट्रलाई सदैव प्रेरणा दिने बताएका छन्।

सन् २००१ को डिसेम्बर १३ मा लश्कर–ए–तैयबा र जैश–ए–मोहम्मदले संसद्मा आक्रमण गर्दा दिल्ली प्रहरीका पाँच, संसद् सुरक्षा सेवाका दुई जवान, सिआरपिएफका एक जवान र एक मालीको मृत्यु भएको थियो।

उक्त घटनाले भारत र पाकिस्तानबीच तनाव बढेको थियो।

यसैगरी, भारतीय राष्ट्रिय काङ्ग्रेसका अध्यक्ष मल्लिकार्जुन खड्गेले घटनामा शहादत प्राप्त गरेका सैनिकहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दै सिङ्गो देश आतङ्कवादविरुद्ध उभिएको बताएका छन्।

उनले भने, "सन् २००१ को संसद् आक्रमणमा मारिएकाप्रति श्रद्धाञ्जलि अर्पण गर्छु। उनीहरूको बलिदानले हाम्रो राष्ट्रलाई सधैं प्रेरणा दिनेछ।"

आम आदमी पार्टीका प्रमुख अरविन्द केजरीवालले संसद् आक्रमणका क्रममा आफ्नो ज्यानको आहुति दिने सैनिकहरूलाई श्रद्धाञ्जलि व्यक्त गर्दै भने, "कृतज्ञ राष्ट्रको तर्फबाट अमर शहीदहरूप्रति सम्मानपूर्ण श्रद्धाञ्जलि। आज हामीले संसद् भवनमा भएको आतङ्कवादी हमलामा शहीद भएका भारत माताका वीर सैनिकहरूलाई श्रद्धाञ्जलि अर्पण गर्दै स्मरण गरेका छौं।"

आप प्रमुखले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, "आजको दिनले हामीलाई ती वीर सैनिकहरूको सम्झना गराउँछ, जसले संसद् भवनमा भएको आतङ्कवादी हमलामा देश र हाम्रो लोकतन्त्रको रक्षाका लागि आफ्नो जीवन बलिदान गरे। ती सबै बहादुर सैनिकको अमर शहादतलाई लाखौं सलाम छ।"

श्रद्धाञ्जलिले सन् २००१ को डिसेम्बर १३ मा भारतीय संसद्मा भएको भयानक आतङ्कारी हमलाको स्मरण गराएको छ।

सन् २००१ को डिसेम्बर १३ मा गृह मन्त्रालय र सांसदको लेबल भएको कारमा संसद्मा प्रवेश गरेका पाँचजना आतङ्कारी मारिएका थिए। त्यति बेला संसद् भवनभित्र प्रमुख राजनीतिज्ञसहित १०० भन्दा बढी व्यक्ति थिए। बन्दुकधारीहरूले आफूले चलाएको कारमा परिचयपत्रको नक्कली स्टिकर प्रयोग गरी संसदीय परिसर वरपर तैनाथ सुरक्षाकर्मीलाई सजिलै झुक्याउन सफल भएका थिए।

आतङ्कवादीहरूले एके ४७ राइफल, ग्रेनेड लन्चर र पेस्तोलद्वारा आक्रमण गरेका थिए। रासस

# भारतको अस्पतालमा आगलागी, छ जनाको मृत्यु

नयाँ दिल्ली, २८ मङ्सिर/एएफपी

दक्षिणी भारतको एक निजी अस्पतालमा आगलागी हुँदा कम्तीमा छजनाको मृत्यु भएको प्रहरीले शुक्रवार जनाएको छ। आगलागीमा दुई दर्जनभन्दा बढी घाइते भएका छन्।

आगो निभाउने उपकरणको अभाव र सुरक्षा नियमहरूको नियमित बेवास्ताका कारण भारतमा भवनमा आगलागी हुनु सामान्य हो।

दक्षिणी राज्य तमिलनाडुमा बिहीवार राति आगलागी भएको थियो र यसको कारणबारे अझै अनुसन्धान भइरहेको छ।

प्रेस ट्रस्ट अफ इन्डियाका अनुसार दिन्डिगुल शहरको अस्पतालमा लिफ्टभित्र सबै छजना पीडित बेहोश अवस्थामा फेला परेका थिए।

प्रहरी अधीक्षक ए प्रदीपले करीब ३० जना घाइते भएका तर सबैको अवस्था स्थिर रहेको बताए।

टाइम्स अफ इन्डियाका अनुसार आगो भुइँतलाको रिसेप्शन क्षेत्रमा शुरू भयो र द्रुत गतिमा अन्य तलाहरूमा फैलियो।

उत्तरी राज्य उत्तर प्रदेशको अस्पतालमा आगलागी हुँदा १० जना नवजात शिशुको मृत्यु भएको केही हप्तापछि यो आगलागी भएको हो।

यसै वर्षको शुरूमा नयाँ दिल्लीको एउटा बाल अस्पतालमा यस्तै आगलागीमा छजना शिशुको मृत्यु भएको थियो।

मे महीनामा गुजरात राज्यको एउटा भरिएको मनोरञ्जन पार्क आर्केडमा आगलागी हुँदा केही बालबालिकासहित कम्तीमा २७ जनाको मृत्यु भएको थियो। रासस

# वृद्धवृद्धा आश्रमलाई सहयोग




प्रस, वीरगंज, २८ मङ्सिर/

उपकार सेवा नेपालले ठोरी गाउँपालिका–१ भगवाननगरस्थित वृद्धवृद्धा आश्रममा सहयोग गरेको छ।

वृद्धवृद्धा आश्रममा आश्रित २३ जना अपाङ्ग, सुस्तःमनस्थिति एवं वृद्धवृद्धा तथा बालबालिकाहरूको लागि ट्राउजर ३० थान, ज्याकेट ३० थान, दाल, नून खानेतेल, चना, सोयाबिन, चामल, पीठो, भुजा, चाउचाउ, बिस्कुट, सेनिटरी पैड, डाइपर, फिनाइललगायतका सामग्रीहरू संस्थाकी अध्यक्ष विद्या सरावगीले आश्रमका सदस्य रामबहादुर थिङलाई हस्तान्तरण गरेकी थिइन्।

कार्यक्रममा सामाजिक अभियन्ता प्रकाश थारूलगायतको सहभागिता थियो।

**आसमान ...**

सुनबहादुर लामाले जानकारी दिए।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत धर्मराज थापा, वडाध्यक्ष अमृतकृष्ण सापकोटा, प्रअहरू सोमबहादुर दोङ, चिरञ्जीवी सापकोटालगायतले मन्तव्य राखेका थिए।

आसमान नेपालले ठोरीका छवटा माविमा यस वर्षदेखि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ भने मधेस प्रदेशका आठवटै जिल्लामा आसमानले शिक्षामा कार्यक्रम सञ्चालन गरिरहेको छ।

## फेन्सी ड्रेस प्रतियोगिता

प्रस, वीरगंज, २८ मङ्सिर

ज्ञानदा एकेडेमीले प्ले ग्रुप र नर्सरी कक्षाका विद्यार्थीभित्र रहेको सिर्जनशीलता




प्रदर्शन गर्ने उद्देश्यले फेन्सी ड्रेस प्रतियोगिता सम्पन्न गरेको छ।

एकेडेमीका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रप्रसाद कोइरालाले बालबालिकाको अधरमा मुस्कान र सिर्जनशील प्रवर्द्धनलाई बचाइराख्न यस प्रकारको प्रतियोगिता गरिरहनुपर्ने बताए।

## आजको राशिफल

| | |
|---|---|
| मेष – अतिथिआगमन | वृष – सुयश |
| मिथुन – खर्चवृद्धि | कर्कट – धनलाभ |
| सिंह – सफलता | कन्या – राज्यलाभ |
| तुला – रोगभय | वृश्चिक – व्यापारवृद्धि |
| धनु – शत्रुपराजय | मकर – ज्ञानोदय |
| कुम्भ – उदरपीडा | मीन – मित्रमिलन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## खेलकूदको संसार

# कर्णाली याक्सद्वारा लुम्बिनी लायन्स पराजित

काठमाडौं, २८ मङ्सिर/रासस

नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत शुक्रवार भएको पहिलो खेलमा कर्णाली याक्सले लुम्बिनी लायन्सलाई पाँच रनले पराजित गर्दै विजयी भएको छ।




तस्वीरः एजेन्सी

जीतका लागि कर्णाली याक्सले दिएको १२९ रनको सामान्य लक्ष्य पछ्याएको लुम्बिनी लायन्स निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १२३ रनमा समेटियो। लुम्बिनीका लागि टम मुर्सले सर्वाधिक ३६ रनको योगदान दिए। ३५ बल खेलेका उनले चार चौका र एक छक्काको सहयोगमा ३६ रन जोडेका हुन्।

त्यसैगरी, सन्दीप जोराले २४ रन बनाए भने आशुतोष घिरैया र साद विन जफरले समान १६/१६ रन बनाए। अर्जुन साउदले १३ रन जोड्दा कप्तान रोहितकुमार पौडेल १० रनमा आउट भए। त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्। लुम्बिनीलाई १२३ रनमा समेट्नेक्रममा कर्णाली याक्सका जिसन मकसुदले दुई विकेट लिए भने सोमपाल कामी, नन्दन यादव, विपिन शर्मा र विलियम बोसिस्टोले समान एक/एक विकेट लिए।

त्यस अघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको कर्णालीले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १२८ रनको योगफल बनाएको थियो। कर्णालीका लागि विलियम बोसिस्टोले सर्वाधिक ४४ रन जोडे। उनले ३० बलमा तीन चौका र तीन छक्काको सहयोगमा ४४ रन जोडेका हुन्। त्यसैगरी, अर्जुन घर्तीले २५ बलमा दुई चौका र एक छक्काको सहयोगमा २५ रन बनाए।


ओपनर बाबर हायातले २२ बलमा एक चौका र एक छक्काको सहयोगमा २० रन जोडे। त्यसैगरी, अर्का ओपनर देव खनाल तीन रनमा आउट भए। चालडिक वाल्टनले १३ रन जोड्दा गुलशन झा आठ रनमा आउट भए। कप्तान सोमपाल कामीले सात रन जोडे। लुम्बिनीका लागि यसै खेलबाट डेब्यू गरेका विकास आग्रीले तीन विकेट लिए भने तिलकराज भण्डारीले दुई विकेट झारे। त्यसैगरी, साद विन जाफर र कप्तान रोहितकुमार पौडेलले समान एक/एक विकेट लिए।

यसै खेलबाट लुम्बिनी एनपिएलबाट बाहिरिएको छ। जीतसँगै कर्णाली याक्सले प्लेअफको सम्भावनालाई बलियो बनाएको छ।

# विराटनगरद्वारा चितवन राइनोज ५१ रनले पराजित

एनपिएलको आजको दोस्रो खेलमा विराटनगर किङ्ग्सले चितवन राइनोजलाई ५१ रनले पराजित गरेको छ। त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा आज भएको खेलमा विराटनगरले दिएको १८२ रनको लक्ष्य पछ्याएको चितवनले निर्धारित २० ओभरमा छ विकेट गुमाएर १३० रन मात्रै जोड्यो।

चितवनका लागि अमर रौतेलाले सर्वाधिक ४२ रन बनाए। उनले २९ बलमा दुई छक्का र तीन चौका प्रहार गर्दै ४२



तस्वीरः एजेन्सी

रन बनाएका हुन्। यस्तै, सन्तोष कार्कीले २८, कप्तान कुशल मल्लले २५ र रवि बोपाराले २० रन बनाए।

चितवनका लागि हसन इसाखिलले पाँच, दीपक बोहराले दुई, बासिल हमिद र सोहेल तनवीरले एक/एक रन जोडे। चितवनले अतिरिक्त छ रन प्राप्त गऱ्यो। विराटनगरको लागि कप्तान सन्दीप लामिछानेले सर्वाधिक दुई विकेट लिए। यस्तै, क्रिस सोल, बसिर अहमद, सुवास भण्डारी र लोकेश बमले समान एक/एक विकेट लिए।

त्यस अघि टस जितेर ब्याटिङ रोजेको विराटनगरले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर १८१ रन बनाएको थियो। विराटनगरको लागि बसिर अहमदले अविजित रहँदै अर्धशतक बनाए। उनले ४४ बलमा चार छक्का र चार चौका प्रहार गर्दै सर्वाधिक ६८ रन बनाए।

त्यसैगरी मार्टिन गुप्टिलले ४५, राजेश पुलामी ३३, निकोलस किर्तन आठ र दीपक बोहराले चार रन जोडे। विराटनगरले अतिरिक्त २३ रन प्राप्त गऱ्यो। बलिङतर्फ चितवनका रिजन ढकालले सर्वाधिक दुई विकेट लिए। यस्तै, कप्तान कुशल मल्ल, सोहेल तनवीर र बासिल हमिदले समान एक/एक विकेट लिएका थिए।

# प्रख्यात क्रिकेटर ब्रायन लारा काठमाडौंमा

काठमाडौं, २८ मङ्सिर/रासस

वेस्ट इन्डिजका प्रख्यात क्रिकेटर ब्रायन लारा काठमाडौं आएका छन्। उनी शुक्रवार बिहान काठमाडौं ओर्लिएका हुन्। उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाल क्रिकेट सङ्घ (क्यान)का पदाधिकारीले स्वागत गरे।




लारा क्यानको निमन्त्रणमा काठमाडौंमा जारी नेपाल प्रिमियर लिग (एनपिएल)को पहिलो संस्करण हेर्न काठमाडौं आएका हुन्। वेस्ट इन्डिजका पूर्वकप्तानसमेत रहेका उनले एनपिएलका केही खेल हेर्ने र खेलाडीहरूसँग साक्षात्कार गर्ने क्यानले जनाएको छ।

क्रिकेटर लाराले वेस्ट इन्डिजका लागि सन् १९९० देखि २००७ सम्म राष्ट्रिय टोलीबाट खेलेका थिए। उनले वेस्ट इन्डिजका लागि १३१ टेस्ट खेलेका छन्। १३१ खेलबाट लाराले ११ हजार ९५३ रन बनाएका थिए। उनले टेस्ट क्रिकेटमा ३४ शतक प्रहार गरेका छन् भने ४८ अर्धशतक प्रहार गरेका छन्। उनले टेस्ट क्रिकेटमा एक खेलमैं चार सय रन प्रहार गरेर विश्व रेकर्डसमेत बनाएका छन्। लाराले सन् २००४ अप्रिल १२ मा इङ्गल्यान्डविरुद्धको टेस्ट क्रिकेटमा अविजित रहँदै चार सय रन बनाएका थिए।

त्यसैगरी, लाराले वेस्ट इन्डिजका लागि २९९ एकदिवसीय खेल खेलेका छन्। एकदिवसीय क्रिकेटमा १९ शतक र ६३ अर्धशतक प्रहार गर्दै उनले १० हजार ४०५ रन जोडेका छन्।




# काठमाडौं विश्वविद्यालयका गौरवमय ३३ वर्ष, ३०औं दीक्षान्त आज

नेपालमा गुणस्तरीय शिक्षाको मानक स्थापना गर्न सफल काठमाडौं विश्वविद्यालयले गत डिसेम्बर १०, २०२४ मा आफ्नो गौरवमय ३३ औं स्थापना दिवस मनाएको छ। साथै आज अर्थात डिसेम्बर १४, २०२४ मा विश्वविद्यालयले ३०औं दिक्षान्त समारोह (प्रथम चरण) आयोजना गर्दैछ। कला, शिक्षा, इन्जिनियरिङ, व्यवस्थापन, कानून, विज्ञान र स्वास्थ्य विज्ञानका क्षेत्रमा २३० शैक्षिक कार्यक्रममार्फत शैक्षिक उत्कृष्टता स्थापना गर्दै आएको यस विश्वविद्यालय पछिल्ला वर्षहरुमा अनुसन्धानमा केन्द्रित विश्वविद्यालयको परिचय बनाउँदैछ।

विश्वविद्यालयको ३०औं दीक्षान्त समारोह (पहिलो चरण) आज अर्थात २०८१ मंसिर २९ गते, शनिबारका दिन बिहान ११ बजे विश्वविद्यालयको केन्द्रीय परिसर धुलिखेलमा हुने भएको छ। प्रधानमन्त्री तथा कुलपति केपी शर्मा ओलीको अध्यक्षता, भारतीय प्रौद्योगिक संस्थान, पटनाका निर्देशक प्राध्यापक डाक्टर टी. एन. सिंहको, प्रमुख आतिथ्य र माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री तथा सहकुलपति विद्या भट्टराईको समेत उपस्थितिमा उक्त कार्यक्रम आयोजना हुन लागेको हो। रजिष्ट्रार तथा कुल सचिव प्राध्यापक डाक्टर अच्युत प्रसाद वाग्लेद्वारा सञ्चालन हुने उक्त समारोहमा विश्वविद्यालयका तर्फबाट उपकुलपति प्राध्यापक डाक्टर भोला थापाद्वारा स्वागत मन्तव्य रहने छ।

आजको यस समारोहमा काठमाडौं विश्वविद्यालयका सातवटा संकायका विविध विधाका पीएचडी तहका ३ जना, पीजिडी तहका ५१ जना, एमफिल तहका ३३ जना, स्नातकोत्तर तहका ३ सय ८५ जना, स्नातक तहका ७ सय ८४ जना सहित जम्मा १ हजार २ सय ५६ जना विद्यार्थी दीक्षित हुनेछन्। दीक्षित हुने मध्ये स्कुल अफ आर्टसका १११ जना, स्कुल अफ एजुकेसनका २५३ जना, स्कुल अफ इन्जिनियरिङका ७७ जना, स्कुल अफ ल का ३९ जना, स्कुल अफ मेनेजमेन्टका ४६५ जना, स्कुल अफ मेडिकल साइन्सेजका १८१ जना र स्कुल अफ साइन्सका १३० जना रहनेछन्।

काठमाडौं विश्वविद्यालयको इतिहासमा स्कुल अफ आर्ट्सको Master in Urban Studies मा ५ जना, Master in Media Studies मा १ जना र Master of Fine Arts मा २१ जना, स्कुल अफ एजुकेसनको Master in Indigenous Education and Development मा १९ जना र Master in Training and Development मा १२ जना, स्कुल अफ इन्जिनियरिङको Master in Health Informatics मा २ जना र M. Tech. in Energy Systems (Joint Degree with IIT, Madras) मा ४ जना र स्कुल अफ मेडिकल साइन्सेजको Bachelor of Science in Medical Imaging Technology मा ८ जना र Bachelor of Science in Laboratory Medicine मा १० जना पहिलोपटक दीक्षित हुने छन्।

लैङ्गिक हिसाबले हेर्दा दीक्षित हुने विद्यार्थीहरूमध्ये महिलाको प्रतिशत ५१.०४ (६ सय ४१ जना) र पुरुषको प्रतिशत ४८.९६ (६ सय १५ जना) रहनेछ र तीमध्ये भारत, चीन, श्रीलंका, बाङ्लादेश, बेलायत, संयुक्त राज्य अमेरिका, फ्रान्स, इरान र भूटान गरी ९ देशका ७५ जना विदेशी विद्यार्थी पनि रहनेछन्।

३०औं दीक्षान्त (पहिलो चरण) सम्ममा गरी काठमाडौं विश्वविद्यालयबाट ४६ हजार ६ सय ९३ जना उत्तीर्ण भएका छन्। तीमध्ये ५७ देशका ५ हजार ५ सय ४२ जना विदेशी विद्यार्थी रहेका छन्।

दीक्षान्त समारोहअघि विश्वविद्यालय सभा (सिनेट) को ९८औं बैठक प्रधानमन्त्री तथा कुलपति केपी शर्मा ओलीको अध्यक्षतामा आयोजना हुनेछ।

### नेपाली शिक्षाको अन्तर्राष्ट्रियकरणमा अग्रणी विश्वविद्यालय

वि. सं. २०४८ मा स्वायत्त, गैर-नाफामूलक, आत्मनिर्भर सार्वजनिक विश्वविद्यालयको रूपमा स्थापित काठमाडौं विश्वविद्यालयले ४१ देशका २८० विदेशी उच्च शिक्षा र अनुसन्धान संस्थासँग सहकार्य मार्फत नेपालको शिक्षाको अन्तर्राष्ट्रियकरणको नेतृत्व लिँदै आएको छ।

विश्वविद्यालयले राष्ट्रिय विकास, अन्तर्राष्ट्रिय वैज्ञानिक प्रगति र शैक्षिक गुणस्तरको एक महत्वपूर्ण घटकको रूपमा अनुसन्धानलाई जोड दिएको छ। विश्वविद्यालयले "क्रेडिट एक्युमुलेशन फ्रेमवर्क" र "रिकग्निसन अफ प्रायर लर्निङ" अवधारणा अन्तर्गत पेशेवरहरूलाई उनीहरूको नियमित तालिकामा सम्झौता नगरी शैक्षिक डिग्री प्राप्त गर्न सघाउँछ।

साथै, विश्वविद्यालयले विदेशी उच्च शैक्षिक संस्थाहरुसंगको सहकार्यमा अन्तर्राष्ट्रिय संयुक्त डिग्रीका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। जस्तैः

- वेष्टर्न सिड्नी युनिभर्सिटी, अष्ट्रेलियासँग संयुक्त पीएचडी डिग्री
- इन्डियन इन्ष्टिच्युट अफ टेक्नोलोजी हैदराबादसँग संयुक्त पीएचडी डिग्री
- इन्डियन इन्स्टिच्युट अफ टेक्नोलोजी मद्राससँग संयुक्त मास्टर डिग्री
- श्री विश्वेश्वर योग अनुसन्धान संस्थान तिरुपति सँग योग विज्ञानमा संयुक्त स्नातक डिग्री
- क्राउन इन्ष्टिच्युट अफ हाइअर एजुकेशन सिड्नी, अष्ट्रेलियासँग सूचना प्रविधिमा दोहोरो डिग्री स्नातक कार्यक्रम

गुणस्तरिय शिक्षाको वाताबरण स्वदेश मै उपलब्ध गराई विदेशि विद्यार्थीहरुलाई नेपाल भित्राउन उल्लेख्य भुमिका खेल्दै आएको यस विश्वविद्यालयले हालसम्म समर स्कुल, सेमेष्टर एक्सचेन्ज लगायतका छोटो समयको अध्ययनकालागि हजारौं विदेशि विधार्थिलाई अवसर दिइसकेको छ भने पुरा समय यहिँ पढेर विविध विधाका पीएचडी, पीजिडी तहका, एमफिल, स्नातकोत्तर तथा स्नातक तहको प्रमाणपत्र लिएर स्वदेश फर्कनेहरु ५७ देशका ५ हजार ५ सय ४२ जना छन्। यी मध्ये मुख्य १० देशहरु निम्न छन्।

| देश | हालसम्म दीक्षीत विद्यार्थी | देश | हालसम्म दीक्षीत विद्यार्थी |
|---|---|---|---|
| भारत | ४६९६ | क्यानाडा | २१ |
| श्रीलंका | ३९१ | बंगलादेश | २१ |
| अमेरिका | ८२ | बेलायत | २० |
| माल्दिभ्स | ६९ | जाम्बिया | १८ |
| जर्मनी | ३२ | भुटान | १७ |

यसअघि नगन्य संख्यामा देखिने उत्तरी छिमेकका नागरिकको संख्या अहिले आएर ह्वात्तै बढेका कारण भविष्यमा यस विश्वविद्यालय विदेशी विद्यार्थीको हब नै बन्नसक्ने संकेत गरेको छ। यसअघि जम्मा आठ जनाको संख्यामा रहेका दिक्षीत हुने चीनीयाहरु कोरोना पछि एकाएक बढेर १४ मा पुगेको मात्र छैन, यस शैक्षिक सत्रमा मात्र दुई दर्जन बढि चीनीया नागरिकले काठमाडौं विश्वविद्यालय छानेका छन्। अष्ट्रेलिया, अमेरिका र बेलायतका विद्यार्थीको आकर्षण बढिरहेको अवस्थामा एकाएक ३ जना फ्रान्सेली विद्यार्थी यस दिक्षान्तमा सहभागी हुने अवस्था यस विश्वविद्यालय र नेपाल कै शैक्षिक क्षेत्रकालागि सुखद समाचार भन्न सकिन्छ।




### समावेशिताका लागि १० प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति

नेपालको उच्च शिक्षामा गुणस्तरको मानक स्थापना गर्न सफल अग्रणी संस्था काठमाडौं विश्वविद्यालयले शिक्षाको अवसर आम मानिसमाझ उपलब्ध गराउन आफ्ना छात्रवृत्ति कार्यक्रमहरूलाई व्यापक रूपमा विस्तार गर्दै आएको छ। सबै संकाय र कार्यक्रममा उपलब्ध छात्रवृत्तिमार्फत विश्वविद्यालयले प्रतिभाको विकासमा लगानी गर्दै र शैक्षिक समानता प्रवर्द्धन गर्दै सामाजिक-आर्थिक रूपान्तरणको नेतृत्व गरिरहेको छ।

काठमाडौं विश्वविद्यालयमा शुल्क तुलनात्मक रुपमा वढि छ, सबैले पढ्न गाह्रो छ भन्ने भाष्यलाई चिर्न र समाजका सबै तह र तप्काको पहुँच सुनिश्चित गर्न पछिल्लो समयमा विश्वविद्यालयले हरेक वर्ष कूल विद्यार्थी संख्याको १० प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ र निकट भविष्यमा यसलाई २० प्रतिशतसम्म विस्तार गर्ने योजना बनाएको छ। तीमध्ये केही छात्रवृत्ति निम्नप्रकार छन्।

- शैक्षिक उत्कृष्टतामा आधारित छात्रवृत्ति
- विपन्न विद्यार्थीका लागि आर्थिक सहायता
- अनुसन्धान-केन्द्रित पाठ्यक्रमका लागि अध्ययन वृत्ति
- र विश्वविद्यालय आसपासका नगरपालिका र गाउँपालिकाका विद्यार्थी साथै शिक्षक, कर्मचारी र तिनका परिवारका लागि विशेष सहुलियको अध्ययन वृत्ति

### काठमाडौं विश्वविद्यालयमा छात्रवृत्ति दुई चरणमा प्रदान गरिन्छ :

- प्रवेशका बेला– विश्वविद्यालय जीवनको सुरुआतमा सहजताका लागि, र
- प्रवेशपछि– विद्यार्थीहरूको शैक्षिक यात्रामा उत्कृष्टता तथा आवश्यकताका आधारमा निरन्तर समर्थनका लागि

विश्वव्यापी समावेशिता बढाउदै आफुलाई अन्तर्राष्ट्रिय स्तरको बनाउनकालागि काठमाडौं विश्वविद्यालयले विदेशि विद्यार्थीका लागि स्कुल अफ मेडिकल साइन्सेस बाहेकका अन्य स्कुलमा एक एक वटाका दरले छवटा छात्रवृत्ति दिँदै आएको छ। यसले विश्वविद्यालयको अन्तर्राष्ट्रिय प्रतिष्ठा बढाउँदै तथा सांस्कृतिक आदानप्रदानलाई प्रवर्द्धधन गर्दै आएको छ। साथै, विश्वविद्यालयले आफ्ना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदारहरूसँग मिलेर विभिन्न छात्रवृत्ति र शुल्क मिनाहा कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। यसबाट उच्च शिक्षामा पहुँच र शैक्षिक गतिशीलता विस्तार भएको छ। विश्वविद्यालयले आफ्ना संकाय तथा कार्यक्रमहरु रहेका स्थानीय तहलाई छुट्याएका छात्रवृत्तिमार्फत स्थानीय समुदायप्रतिको प्रतिवद्धता स्पष्ट भएको छ।

गत वर्ष काठमाडौं विश्वविद्यालयले आफ्ना कार्यक्रम अन्तर्गत १४ करोड रुपैयाँ बराबरको छात्रवृत्ति प्रदान गरेको थियो, जसमा यस वर्ष २ करोड रुपैयाँ थप वृद्धि भएको छ। यसबाट शैक्षिक समानताप्रति विश्वविद्यालयको बढ्दो प्राथमिकतालाई स्पष्ट पार्छ। विश्वविद्यालयसँग सम्बन्धित कलेजहरूले समेत हरेक वर्ष ठूलो मात्रामा छात्रवृत्ति प्रदान गर्छन्। चिकित्सा विज्ञान संकाय अन्तर्गत सञ्चालित सम्बन्धन प्राप्त कलेजहरूले मात्रै वार्षिक रुपमा जम्मा ६० करोड रुपैयाँ बराबरका दुईसय भन्दा बढी छात्रवृत्ति प्रदान गर्छन्। यसका अतिरिक्त विश्वविद्यालयले छात्रवृत्ति र अनुसन्धान गतिविधिहरूलाई समर्थन गर्न दाताहरुको सहयोगमा ६३ करोड रुपैयाँभन्दा बढीको अक्षय कोष स्थापना गरेको छ।

छात्रवृत्ति कोष र अक्षय कोष विश्वविद्यालयको आन्तरिक आम्दानी, विश्वविद्यालय अनुदान आयोगका अनुदानहरू, सरकारी संस्थानहरूका योगदान, अन्तर्राष्ट्रिय दाताहरू, व्यक्तिगत सहयोगदाताहरू, र परियोजनाकालागि विशिष्ट रुपमा प्राप्त वित्तीय स्रोतहरूबाट संकलन गरिन्छ। काठमाडौं विश्वविद्यालयले आफ्ना विविध छात्रवृत्ति र अक्षय कोष कार्यक्रममार्फत शिक्षा र अनुसन्धानमा समान पहुँच सुनिश्चित गर्न उल्लेखनीय काम गरिरहेको छ। अक्षय कोषहरू काठमाडौं विश्वविद्यालयको आन्तरिक श्रोत, नेपाल सरकार, अन्तर्राष्ट्रिय दाता, व्यक्तिगत योगदान, र परियोजना-विशेष स्रोतहरूमार्फत संकलन गरिएका छन्। काठमाडौं विश्वविद्यालयका यी पहलहरूले शैक्षिक अवसरहरू सृजना गर्नुका साथै देशको सामाजिक-आर्थिक विकासमा योगदान गर्दै विद्यार्थीहरूलाई व्यक्तिगत र व्यावसायिक सफलताको लागि सहयोगी भएका छन्।

### स्नातकलाई रोजगारीसँग जोड्दै

"एकेडेमिया-इन्डस्ट्री कोअपरेशन" कार्यक्रम मार्फत काठमाडौं विश्वविद्यालयले शिक्षा क्षेत्र र उद्योगबीच साझेदारी निर्माण गरिरहेको छ। "ब्रेन ड्रेन" रोक्नका लागि विश्वविद्यालयले रोजगारी प्रवर्द्धन कार्यक्रम सुरू गरेको छ। यस कार्यक्रमले प्रत्येक वर्ष विश्वविद्यालयमा उत्कृष्ट स्नातकहरूलाई रोजगारीका अवसर प्रदान गर्दै उनीहरूलाई विश्वव्यापी प्रतिस्पर्धाका लागि आवश्यक सीप प्रदान गर्दछ। हालसम्म यस कार्यक्रममार्फत ४८ जना स्नातकहरूले रोजगारी प्राप्त गरिसकेका छन्। यसरी विश्वविद्यालयले आफ्ना स्नातक, समाज र राष्ट्र प्रतिको उत्तर दायित्व निर्वाह गर्दै आएको छ।

विश्वविद्यालयले "क्याम्पसदेखि समुदायसम्म" अभियानमार्फत समुदायसम्म विश्वविद्यालयको पहुँच विस्तार गर्ने प्रयास गरिरहेको छ। अभियान अन्तर्गत विभिन्न विषयका स्नातकहरूलाई काभ्रे जिल्लाका विभिन्न नगरपालिका र ग्रामीण नगरपालिकाहरूमा खटाइएको छ।

हाइअर एजुकेशन ब्रिज इनिसिएटिभ अन्तर्गत इन्जिनियरिङ र विज्ञान संकायका १३ स्नातकहरूले शिक्षा सुधार र स्रोतहरूको अधिकतम उपयोगका लागि रोजगारी पाएका छन्। यस पहलले स्नातकहरूलाई व्यावसायिक अनुभवसँगै समुदाय विकासमा योगदान दिने अद्वितीय अवसर प्रदान गरेको छ। सीप र ज्ञानलाई वास्तविक परिस्थितिमा प्रयोग गर्दै ती स्नातकहरूले आफूलाई हुर्काएको समाजलाई प्रत्यक्ष रूपमा सहयोग पुऱ्याइरहेका छन्।